मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

Purwanchal National Daily

श्रीअन्नु प्रकाशन (प्रा.)लि.

◆ वर्ष : २४ ◆ अङ्क : ३४९ ◆ पृष्ठ ६ ◆ बिर्तामोड ◆ वि.सं. २०७६ कात्तिक २८ गते बिहीवार (Thursday, November 14. 2019) नेपाल सम्वत् ११३९ Web : www.purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-

**मन्टेश्वरी तालिममा भर्ना खुल्यो**

- मन्टेश्वरी तालिम लिन इच्छुक महानुभावहरुको लागि भर्ना खुलेको जानकारी गराउँदछौं ।
- यही मिति २०७६ कात्तिक १७ गतेदेखि १ हप्ते, दुई हप्ते, एक महिने तथा ३ महिने कोर्षहरुमा मन्टेश्वरी तालिममा भर्ना खुलेको जानकारी गराउँदछौं ।

*नोटः यस स्कूलमा कक्षा PGमा नयाँ भर्ना खुलेको समेत जानकारी गराउँदछौं ।*

सम्पर्कः वेष्ट फ्युचर मन्टेश्वरी स्कूल एण्ड ट्रेनिङ्ग सेन्टर, बिर्तामोड, झापा

फोन नं. ०२३-५४२६४७, ९८४९२५९७२९, ९८४१८९७४४७

# अर्जुनधारा-१०मा ५० करोडको योजना




**झापा, कात्तिक २७।** कतिपय स्थानीय तहका जनप्रतिनिधिले जनचाहना अनुसार काम गर्न नसकेको आरोप लागीरहेका बेला झापाको एक स्थानीय तहका जनप्रतिनिधिले भने गाउँमा विकासको लहर नै ल्याएका छन् ।

अर्जुनधारा नगरपालिका-१० का वडाध्यक्ष बलदेव गोम्देन तामाङले आफ्नो वडामा मात्रै झण्डै ५० करोडभन्दा बढीको योजना भित्र्याएर नगरकै उदाहरणीय जनप्रतिनिधिका रुपमा पहिचान बनाएका छन् । आफ्नो नगरको बजेटभन्दा भिन्न विकास निर्माणका लागि बजेट भित्र्याएर वडा नं. १०बासी माझ उनी विकास प्रेमी वडाध्यक्षको रुपमा चिनिएका छन् । स्थानीय तहको निर्वाचन भएर जनप्रतिनिधि भएको दुई वर्षमा नै उनले करोडौंको योजना सञ्चालन गरेपछि स्थानीय हर्षित पनि भएका छन् ।

आफ्नो कार्यकालभित्र वडाका सबै सडक कालोपत्रे गरिसक्ने उनको रणनीति छ । सोही अनुसार अहिले उनले पहिलो प्राथमिकतामा सडकलाई राखेका छन् । सडक निर्माणका लागि मात्रै उनले एकल प्रयासमा ३४ करोड रुपैयाँका दुईवटा योजना सञ्चालनमा ल्याएका छन् । नगरकै गौरवको आयोजनाको रुपमा वडा नं. १०मा ड्रेनसहितको उच्चस्तरीय दुई वटा सडक निर्माण हुँदैछन् । झण्डै ९ किलो मिटर सडक निर्माणका लागि ३४ करोड रुपैयाँको योजना अहिले सञ्चालनमा रहेको वडाध्यक्ष तामाङले बताए । तामाङका अनुसार कालिस्थान-चिसापानी हुँदै सालबारी जोड्ने सडकखण्ड र मंगलमणि मार्ग हुँदै बराल गाउँबाट सेर्पा चोकसम्मको सडक निर्माणका लागि ३४ करोड रुपैयाँ बजेट विनियोजन भएको छ । सो सडकको चौडाइ साढे सात मिटर कालोपत्रे हुनेछ भने ५० एमएमको पिच गरिने अध्यक्ष तामाङ बताउँछन् ।

उनी भन्छन्- यो सडक नगरकै गौरवको आयोजना हो । जुन सडक निर्माणका लागि ठेक्का समेत लागीसकेको र कञ्चनजंघा सडक निर्माण सेवाले ठेक्का लिएको छ । सडक निर्माणको काम दुई वर्षभित्र सम्पन्न हुन्छ- अध्यक्ष तामाङले भने । सडक निर्माणका लागि शहरी विकास मन्त्रालयसँग समन्वय गरेर बजेट ल्याइएको र सडक ड्रेनसहितको उच्चस्तरीय हुने उनले बताए ।

त्यस्तै मिलनचोक-धाइजन सडकखण्डको दुई किलो मिटर बाटो कालोपत्रेका लागि समेत प्रक्रिया थालेको र उक्त सडक समेत उच्च स्तरीय बन्ने अध्यक्ष तामाङ बताउँछन् । तीनवटै सडकको काम मंसीरको पहिलोसाताबाट शुरु गरिने र सडक निर्माणका लागि समिति समेत गठन भइसकेको उनले बताए । नगरले वडाका लागि आर्थिक वर्ष २०७६/०७७मा ८० लाख रुपैयाँ बजेट बिनियोजन गरेको छ । उक्त बजेटले वडाको अन्य कामसँगै नयाँबाटो निर्माण निर्माणाधीन बाटोमा ग्राभेल, वडाका सडकको स्तरोन्नति गर्दै बाटोलाई उत्कृष्ट बनाउन खर्च गर्दै आएका छौं- वडाध्यक्ष तामाङले भने- सोही बजेटले कृषकलाई वीउविजन घाँस उत्पादनदेखि वडाबासीलाई बाख्रा, कुखुरा, गाईभैंसी समेत निःशुल्क दिएर स्वरोजगार बनाउन पहल थालिएको छ ।

वडाको गौरवको आयोजनामा अहिले जलकन्या मन्दिर नजिकै १४ करोड रुपैयाँको लागतमा खानेपानी ट्याङ्कीको निर्माण भइरहेको छ । ओभरहेड निर्माणको काम भइरहेको र दुई वर्षभित्र निर्माण

*(बाँकी अन्तिम पृष्ठमा)*

# 'गणतन्त्रात्मक हिन्दू राष्ट्रको पक्षमा लागौं'



**झापा, कात्तिक २७।** नेपाली कांग्रेसका वरिष्ठ नेता तथा पूर्वउपप्रधानमन्त्री रामचन्द्र पौडेलले सनातन धर्म संस्कृतिले मानिसलाई अन्तरआत्माको आनन्द प्रदान गर्ने बताएका छन् ।

झापाको बिर्तामोड नगरपालिका-२ चारपानेमा रहेको विवेकाश्रम तथा साङ्गवेद संस्कृत माविमा बुधवार आयोजित धार्मिक भेटघाट कार्यक्रमलाई सम्वोधन गर्दै उनले अन्तरआत्माको ज्ञानबाट मात्रै सार्थक समृद्धिको यात्रा प्रारम्भ हुने बताए । धर्म, संस्कार संस्कृति र परम्पराको संरक्षणमा विवेकाश्रमले महत्वपूर्ण योगदान पुऱ्याएको पौडेलको भनाइ छ ।

विवेकाश्रम तथा साङ्गवेद संस्कृत माविका अध्यक्ष व्यासाचार्य किशोरकुमार गौतमले हिन्दू अधिराज्य भनेर अल्मलिरहनु भन्दा नेपाली कांग्रेसले गणतन्त्रात्मक हिन्दू राष्ट्रको पक्षमा आफूलाई खरो रुपमा प्रस्तुत गरेर सनातन धर्मको रक्षामा लाग्नुपर्ने बताए ।

कार्यक्रममा नेपाली कांग्रेस झापाका सभापति उद्धव थापा, पार्टी प्रचार विभाग प्रमुख कृष्ण हुँमागाई, महासमिति सदस्यहरु सीता पौडेल, अनिलकृष्ण प्रसाई, प्रदेश ख का अध्यक्ष धर्म लक्सम्वा, लगायतले सनातन धर्मको रक्षामा सबै लाग्नुपर्ने सुझाव राखेका थिए । आश्रमका सचिव भरत भट्टराईले कार्यक्रमको सञ्चालन गरेका थिए ।

त्यसैगरी नेपाली कांग्रेसका वरिष्ठ नेता पौडेलले बुधवार दमक- ६ र ७ को संगमस्थलमा पुगेर केही महिना अघि अनावरण गरिएको कविशिरोमणि लेखनाथ पौड्यालको शालिकमा फूलमाला अर्पण गरेका थिए ।

उनले दमक-७ मा निर्माणाधीन पौड्याल वंशोद्धार केन्द्रीय समितिको भवन समेत निरीक्षण गरे । सो क्रममा नेता पौडेलले हरेक जाति वंशको तथ्याङ्क संकलन र अनुसन्धानले इतिहासको खोजी र संरक्षण गर्न महत्वपूर्ण सहयोग पुऱ्याउने बिचार व्यक्त गरे ।

नेता पौडेललाई दमक प्रवेशको क्रममा मावा पूलमा

*(बाँकी अन्तिम पृष्ठमा)*

# सतासीधाममा १०८ कुण्डीय कोटीहवन

**झापा, कात्तिक २७।** झापाको ऐतिहासिक, धार्मिक तथा पर्यटकीय क्षेत्र सताक्षीधामा १०८ कुण्डीय कोटीहवनको उद्घाटन गरिएको छ ।

हवनको उद्घाटन प्रदेश नम्वर १का मुख्य मन्त्री शेरधन राईले गरेका हुन् । हवनको उद्घाटन गर्दै मुख्यमन्त्री राईले मानव जातिको सुस्वास्थ्य, शान्ति र दीर्घायुका लागि सताक्षीधाममा लगाउन शुरु गरिएको यस महान कार्यबाट सवैले लाभ लिन आग्रह गरे ।

जिल्ला समन्वय समिति झापाका संयोजक तथा मूल आयोजक समितिका संयोजक सोम पोर्तेल, शिवसताक्षी नगरपालिकाका मेयर चन्द्रकुमार शेर्मा,

*(बाँकी अन्तिम पृष्ठमा)*

## फ्ल्याट भाडामा

बिर्तामोडस्थित भद्रपुर रोड माछापुछे बैंक भएको घरको 1200 Sqft. क्षेत्रफल भएको तेस्रो तला कन्सल्टेन्सी, इन्स्योरेन्स या वित्तीय संस्थाको लागि उपयुक्त फ्ल्याट भाडामा छ ।

सम्पर्कः ०२३-५४३२४८, ९८०४९९९६९५

## घर बिक्रीमा

बिर्तामोड नगरपालिका-४, भद्रपुर बस स्टेण्ड छेउमा रहेको अढाई तले घर विक्रीमा रहेकोले इच्छुकले तु-सम्पर्क गर्नुहोला ।

सम्पर्कः ९८१४०३८३४३

## कर्मचारी आवश्यकता

यस अञ्जली हस्पिटलका लागि निम्न अनुसारका कर्मचारी आवश्यक परेको हुँदा इच्छुकले तु-सम्पर्क गर्नुहोला ।

पदः **स्टाफ नर्स**- ३ जना **अनमी** - ३ जना

SBA Traning भएकालाई विशेष प्राथमिकता

यही मंसीर ७ गतेभित्रमा सम्पर्क गर्नुहोला ।

**अञ्जली हस्पिटल प्रा.लि.**

बिर्तामोड, झापा (०२३-५४४७००, ९८५२६७३४३४)

## सञ्जीवनी अस्पतालमा विशेष डाक्टरहरूको सेवा

**डा. सीपी यादव**
वरिष्ठ मुटु रोग विशेषज्ञ
अब २४ सै घण्टा

**डा. दीपक पौडेल**
वरिष्ठ नवजात शिशु तथा बाल रोग विशेषज्ञ

**दैनिक सेवाहरुः**

- बालरोग सेवा
- हाडजोर्नी तथा नशा रोग विशेषज्ञ
- स्त्री तथा प्रसूति सेवा
- छाला तथा यौन रोग सेवा
- फिजिसियन (मधुमेह, प्रेसर, पेट, छाती तथा थाइराइड) सेवा
- नाक, कान, घाँटी रोग सेवा
- भिडियो एक्स-रे सेवा

नोटः ओपीडी सेवा, विहान ९ बजेदेखि ५ बजेसम्म ।
२४ सै घण्टा इमरजेन्सी तथा ICU सेवा

**सञ्जीवनी अस्पताल प्रालि**

बिर्तामोड-१, झापा (०२३-५४४२६०)

## यौन तथा प्रजनन् रोगका विरामीहरुका लागि खुशीको खबर

**कात्तिक २८ गते विहीवारका दिन काठमाडौंबाट आउनु हुने विशेषज्ञ डाक्टरद्वारा सेवा दिइने हुँदा विरामीहरुले मौकाको फाइदा लिनुहोला ।**

**हाम्रा सेवाहरुः** सबै खालका शारीरिक तथा मानसिक यौन समस्याहरु, पुरुषमा हुने शीध्रपतन, धातु खस्ने, यौन सन्तुष्टि नहुने, यौन चाहना नहुने, चिलाउने, स्वप्नदोष, सरुवा यौन रोग साथै उमेर अनुसार यौन अंगको विकास नहुने, मलिहरुको महिनावारी गडबढी, सेतोपानी वग्ने, तल्लो पेट दुख्ने, बाँझोपन, ढाड दुख्ने, यौन सम्बन्धी सबै खालका समस्याहरुको सफल उपचार । त्यस्तै गरी महिला तथा पुरुषमा हुने निसन्तानपनको विशेष परामर्श तथा सफल उपचार गरिन्छ ।

**माता मनकामना आयुर्वेद क्लिनिक**

अन्दुवा पुल पूर्व दक्षिण, निलो सिसा भएको घर,
बिर्तामोड, झापा (०२३-५४४५३८, मो. ९८४२७५७६०४)

## VACANCY ANNOUNCEMENT

**Balmiki Education Foundation** a reputed school of Eastern Nepal is looking forward to appoint teachers for the following subject/post.

| S.N. | Post | Nos. | Qualification | Experience |
|---|---|---|---|---|
| 1. | Primary Incharge | 01 | Masters/ Bachelor | 5 yrs |
| 2. | Class Two (Grade) | 01 | Bachelors | 3 yrs |
| 3. | Pre-Primary (Grade) | 01 | Bachelors | 3 yrs |
| 4. | Foreign Language (French) | 01 | Basic | |
| 5. | ABACUS | 01 | Basic | |
| 6. | Activity (Pre-primary) | 01 | Active and Should be able to teach Rhymes, Conversation etc. | |

Applicants must have a pleasant personality and be ready to upgrade and update according to the need of the school. Command in spoken and written English is a must. If you want to build your career in the Education field than please come along with your CV and meet us in Balmiki school during school hours within **5th of Mangsir.**

**Balmiki Education Foundation**

Birtamode-1, Jhapa (023-542820/ 9804952506)

## बिर्तामोड साना सहरी खानेपानी तथा सरसफाई उपभोक्ता संस्थाको उपभोक्ता परिचय-पत्र वितरणका लागि म्याद थप गरिएको सूचना

यस संस्थाको सातौं कार्यकालका लागि पदाधिकारीहरु चयन गर्न हुने मिति २०७६।०८।१६ गतेको निर्वाचनलाई मध्यनजर राख्दै यस संस्थामा आवद्ध सदस्यहरुलाई उपभोक्ता परिचय-पत्र वितरण, विगतमा परिचय-पत्र प्राप्त गरी हराएको हकमा प्रतिलिपि, धारा नामसारीआदि कार्य गरी उपभोक्ताको मतदाता नामावली तयार गर्नुपर्ने भएकाले निम्न बमोजिमका आवश्यक कागजात प्रमाणसहित यही २०७६ कात्तिक २९ गतेभित्रमा संस्थाको कार्यालय १ नं. ट्यांकी बिर्तामोड-५ झापामा सम्पर्क राख्नुहुन सम्पूर्ण उपभोक्ताहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । यसअघि २०७६।०७।०७ बाट १५ दिनभित्रमा सम्पर्क राख्ने बारेको सूचना प्रकाशित भएकोमा उपभोक्ताको सुविधालाई ध्यानमा राखी २०७६।०७।२९ गतेसम्मका लागि म्याद थप गरिएको व्यहोरा जानकारीका लागि अनुरोध छ ।

**निम्न**

१) विगतमा उपभोक्ता परिचयपत्र प्राप्त गरेका व्यक्तिहरुले २०७६ साल कात्तिक मसान्तसम्मको पानी महशुल तिरेको रसिद संलग्न हुनुपर्नेछ ।
२) नयाँ उपभोक्ता परिचयपत्रको हकमा नागरिकता प्रमाणपत्र सक्कलै, पासपोर्ट साइजको फोटो २ प्रतिसहित सम्बन्धित व्यक्ति स्वयम् उपस्थित हुनुपर्ने ।
३) धारा नामसारीको हकमा घर जग्गा खरिद गरेको राजीनामा कागजको फोटोकपी, जग्गाधनी प्रमाण पूर्जाको फोटोकपी, नेपाली नागरिकता प्रमाणपत्रको फोटोकपी, पासपोर्ट साइजको फोटोको २ प्रतिसहित सम्बन्धित व्यक्ति स्वयम् उपस्थित हुनपर्नेछ ।

**मेघराज बास्तोला**
सचिव

**जलकुमार गुरुङ**
अध्यक्ष

नेपालीहरुको लागि भरपर्दो सेवा

## निशान्त मोटरसाइकल पार्ट्स एण्ड सर्भिसिङ सेन्टर



ROYAL ENFIELD को आधिकारिक बिक्रेता (डिलर) भएकाले ROYAL ENFIELD को सम्पूर्ण पार्ट्सहरुमा १०% छुट गरिएको छ ।




सातौं बर्षमा प्रवेश गरेको सुखद् उपलक्ष्यमा अटो, तीन चक्के टेम्पोको सम्पूर्ण पार्ट्सहरु उपलब्ध गराउँदै इञ्जिनसहितको सम्पूर्ण मर्मत सेवा सुचारु गरिएको छ ।

यहाँ जुनसुकै कम्पनीको मोटसाइकल, स्कुटर र टेम्पोको सम्पूर्ण पार्ट्स पाउनुका साथै इञ्जिन मर्मत पनि गरिन्छ ।

**निशान्त मोटरसाइकल पार्ट्स एण्ड सर्भिसिङ सेन्टर**

पानीटंकीको पहिलो गल्ली दायाँ साइड

## VACANCY ANNOUNCEMENT

LFES
Jhapa, Nepal

A school with high reputation of providing quality education in Birtamode-4, Jhapa, for last 38 years and adopts innovative approaches in education is seeking for qualified, proactive, dynamic and interested candidates for the following posts with attractive salary.

| Sl.No | Level/Area | Subject/Duty | Qualification |
|---|---|---|---|
| 1 | L. Secondary | English/PBTE/S.Std | Bachelor's Degree |
| 2 | Pre-Primary | Grade Teachers | Minimum +2 and well Trained |
| 3 | Hostel | Warden (lady) | Bachelor's Degree |

**Candidates must have two years' experience with excellent command over written and spoken English. (Fresh candidates are also welcome to apply).** Interested and deserving candidates are encouraged to send the application with CV, copies of credentials and photocopy of citizenship certificate, addressed to the Principal, Little Flowers' English School, Birtamode-4 or submit directly to the school office latest by **30th of Kartik 2076 BS.**

***For further details contact:*** **Little Flowers' English School**

Birtamode-4, Jhapa **( Ph No: 023- 540172, 540767)**

## विदेशीलाई नागरिकता दिलाउने ६ जना थुनामा

**झापा, कात्तिक २७।** झुठा विवरणका आधारमा १६ जना विदेशी नागरिकलाई नेपाली नागरिकता दिलाउन सघाएको अभियोग लागेका झापाका दुई कर्मचारीसहित ६ जना पुर्पक्षका लागि कारागार चलान भएका छन् ।

झापा जिल्ला अदालतको कात्तिक २५ गतेको आदेश अनुसार उनीहरुलाई झापा जिल्ला कारागार चलान गरिएको जिल्ला प्रहरी कार्यालय झापाका प्रवक्ता महेन्द्रकुमार श्रेष्ठले जानकारी दिए । कारागार चलान भएका अभियुक्तमा झापा जिल्ला प्रशासन कार्यालयका खरिदार तेजिन्द्र न्यौपाने, बिर्तामोड-८का वडासचिव लोकराज बराल, जिल्ला प्रशासन कार्यालय झापाको मूलढोका अगाडि नेशनल फोटो स्टुडियो चलाउने भद्रपुर-१०का भीमबहादुर लिम्बू, लेखापढी सम्बन्धी काम गर्ने भद्रपुर-१०का प्रेमराज तिम्सिना, बिर्तामोड-५ बस्ने टेकबहादुर गुरुङ र भारत किसनगञ्ज घर भई विर्तामोड-८मा डेरा गरी बस्ने मुस्तफा आलम रहेका छन् ।

गैर-नेपालीलाई झुठा विवरण भराई जिल्ला प्रशासन कार्यालय झापाबाट नागरिकता लिएको घटना सार्वजनिक भएपछि केन्द्रीय अनुसन्धान ब्यूरो काठमाडौंबाटसमेत छानबिन भएको थियो । प्रहरीले घटनामा संलग्न ६ जनालाई पक्राउ गरेको थियो भने अभियोग लागेका भद्रपुर र विर्तामोडका दुई जना वडाध्यक्ष फरार छन् । प्रहरीले उनीहरुको खोजतलास भइरहेको जनाएको छ । प्रहरीका अनुसार अभियुक्तहरुले मिलिभगत गरी १६ जना विदेशी नागरिकलाई नेपाली नागरिकता दिलाएका थिए । उक्त नागरिकताबिरुद्ध उजुरी परेपछि गृहमन्त्रालयले नै चासो राखी छानबिन अघि बढाउन निर्देशन दिएको थियो ।

सो घटनामा जिल्ला प्रशासन कार्यालय झापाका अधिकृत गौरव ढुङ्गेल र खरिदार तेजिन्द्र न्यौपानेको प्रत्यक्ष संलग्नता रहेको छानबिनले ठहर गरेको थियो । प्रहरीले न्यौपानेलाई पक्राउ गरेको थियो भने ढुङ्गेल अझै फरार छन् । झुठा विवरण बनाउँदा टेकबहादुर गुरुङ र रीना गुरुङलाई बुबाआमा कायम गर्दै नौ जनालाई नेपाली नागरिकता दिलाउन सनाखत गराइएको थियो । त्यसरी नागरिकता लिनेमा नवाङ सिसाप गुरुङ, रिगजेन छोदेन गुरुङ, धोनसेल गुरुङ, वाङ्मो गुरुङ, डोल्मा गुरुङ, पेमा डोल्कर गुरुङ, छिरिङ डिकी गुरुङ, लोब्सान गुरुङलगायत छन् ।

# निर्माण व्यवसायी पुनः आन्दोलित

**भद्रपुर, कात्तिक २७।** नेपाल निर्माण व्यवसायी महासंघ पुनः आन्दोलित बनेको छ । सरकारले ल्याएको सार्वजनिक खरिद (छैटौं संशोधन) नियमावली, २०७५का केही बुँदा व्यवसायीको पक्षमा नभएको भन्दै व्यवसायी पुनः आन्दोलित बनेका हुन् ।

यता महासंघको देशव्यापी पूर्व घोषित कार्यक्रम अनुसार निर्माण व्यवसायी संघ जिल्ला कार्य समिति झापाले बुधबार जिल्ला प्रशासन कार्यालय झापामा ज्ञापनपत्र बुझाएको छ । निर्माण व्यवसायी संघ झापाका अध्यक्ष मिलन बस्नेतको नेतृत्वमा पुगेका व्यवसायीहरुको टोलीले झापाका सहायक प्रमुख जिल्ला अधिकारी कृष्णप्रसाद न्यौपानेलाई ज्ञापनपत्र बुझाएका हुन् । ज्ञापनपत्र संघका महासचिव ओम पौडेलले बाचन गरेका थिए ।

सरकारद्वारा निर्माण व्यवसायीहरूको सार्वजनिक खरिद (छैटौं संशोधन) नियमावली २०७५ राजपत्रमा



प्रकाशित भएसँगै देशभरका निर्माण व्यवयासीहरुले सो नियमावली सच्याउन माग गरेको अध्यक्ष बस्नेतले जानकारी दिए । नियम ४९ (क)मा भएको संशोधनले ऐन बमोजिम कालो सूचीमा परेको व्यक्ति, फर्म, संस्था वा कम्पनीको सञ्चालकले आफ्नो पूर्ण वा आंशिक स्वामित्वमा बोलपत्र पेश गरी कारोबार गर्न नपाउने प्रावधान व्यवसायीको हित विपरीत रहेकोले सो नियमावली सच्याउनुपर्ने भन्दै महासंघ पुनः आन्दोलित बनेको संघका द्वितीय उपाध्यक्ष मौसम थापाले जानकारी दिए ।

सो व्यवस्था तत्काल खारेज गरी जुन फर्म र कम्पनी कालो सूचीमा परेको छ, त्यस्तालाई मात्र कारबाहीको व्यवस्था हुनुपर्ने व्यवसायी बताउँछन् । संशोधन गरिएको नियमावली नियम ६५मा निर्माण व्यवसायीहरूले साधन स्रोत बमोजिम वार्षिक टर्न वेस्ट अफ थ्री ईयरको अनुभव समेतको २० गुणाको हुनुपर्ने मागमा उल्लेख गरिएको छ ।

व्यवसायीको माग सम्बोधन नभए संघको आन्दोलनका कार्यक्रम अनुसार निर्माण व्यवसायीहरूले इजाजत पत्र समेत सरकारलाई बुझाउने, सम्पूर्ण कार्यालयबाट प्रकाशित भएका बोलपत्रहरू बहिष्कार गर्ने, हाल सञ्चालनमा रहेका विकास निर्माण कार्य ठप्प पार्ने र हेबी यन्त्र उपकरण सडकमा राख्ने लगायतका विरोध कार्यक्रम रहेको संघका महासचिव पौडेलले जानकारी दिए ।

## यौनधन्दा चलाउँदा....

**झापा, कात्तिक २७।** भारतबाट महिला ल्याएर यौनव्यापारमा लगाउने एक व्यक्तिलाई प्रहरीले पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा भारतको बिहार निवासी ४५ वर्षीय मोहम्मद रियाज रहेका छन् । उनलाई प्रहरीले विराटनगरबाट पक्राउ गरेको मोरङका प्रहरी प्रवक्ता प्रहरी नायव उपरीक्षक राजकुमार खिँउजूले जानकारी दिए । भारतस्थित फारविसगञ्ज घर भएकी एक महिलाले दिएको उजुरीका आधारमा रियाजलाई प्रहरीले पक्राउ गरेको हो ।

प्रनाउ खिँउजूका अनुसार रियाजले ती महिलालाई नेपाल ल्याएर होटल तथा गेष्ट हाउसमा यौनव्यापारमा लगाउने गरेका थिए । रियाजले केही समयदेखि विराटनगर महानगरपालिका-१५ रानीमा रहेको हिमाल गेस्ट हाउसमा समेत काम गर्दै आएको उनले बताए । रियाजविरुद्ध मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण ऐन २०६४ बमोजिम मुद्दा चलाइने प्रहरी नायव उपरीक्षक खिँउजूले जानकारी दिए ।

## जबरजस्ती करणी अभियोगमा शिक्षक पक्राउ

**झापा, कात्तिक २७।** माडी नगरपालिका-५स्थित बह्मज्योति आधारभूत निम्नमाध्यमिक विद्यालयका शिक्षक कुम्मसिंह विकलाई प्रहरीले पक्राउ गरेको छ ।

उनलाई आफ्नै विद्यालयमा कक्षा ३मा अध्ययनरत् १२ वर्षीया बालिकालाई जबरजस्ती करणी गरेको आरोपमा प्रहरीले पक्राउ गरेको हो । विकले बालिकालाई आर्थिक प्रलोभन देखाई विगत दुई वर्षदेखि करणी गर्दै आएको प्रहरीले जनाएको छ । घर जाने क्रममा ती छात्रालाई जबर्जस्ती करणी गरेको आरोप लागेपछि विकलाई माडीस्थित इलाका प्रहरी कार्यालयले पक्राउ गरी जिल्ला प्रहरी कार्यालयमा बुझाएको छ ।

प्रहरी नायब उपरीक्षक एकनारायण कोइरालाले विकलाई चितवन जिल्ला अदालतमा जबरजस्ती करणी ऐन अन्तर्गत मुद्दा दायर गर्न पाँच दिनको समय माग गरी अनुसन्धान थालिएको बताए ।

### अर्जुनधारा-१० ...



सम्पन्न गरी वडा-१० र ११का झण्डै बीस हजार जनालाई स्वच्छ र शुद्ध पानी वितरण गर्ने लक्ष्य रहेको तामाङको भनाइ छ । खानेपानी डिभिजन कार्यालय र प्रदेश सडकारले खानेपानी ट्याङ्की निर्माणका लागि बजेट प्रदान गरेको उनी बताउँछन् । उनी भन्छन्- खानेपानी डिभिजन कार्यालयबाट एक करोड ५ लाख, प्रदेश सडकारबाट समेत करोडभन्दा बढी बजेट प्राप्त भएको छ हाल ओभरहेड ट्याङ्की निर्माणका लागि एक कारोड ७५ लाख रुपैयाँ लाग्ने ताामाङ बताउँछन् । स्थानीय दाता इन्दिरा वनले खानेपानी ट्याङ्की निर्माणका लागि ५ कट्ठा जग्गा निःशुल्क उपलब्ध गराएपछि खानेपानी आयोजनाको निर्माण कार्य सञ्चालन भएको हो, अहिले ट्याङ्की निर्माणसंगै घेराबेराको काम सम्पन्न भएको छ ।

महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको सहयोगमा वडामा अहिले ज्येष्ठ नागरिक मिलन केन्द्रको निर्माण कार्य थालिएको छ । १९ लाखको लागतमा निर्माण शुरु भएको मिलन केन्द्रका लागि मन्त्रालयले १० लाख रुपैयाँ बजेट प्रदान गरेको बताइएको छ । आफ्ना छोराछोरी विदेश पलायन भएर आमाबुबा घरमा एक्लै भएको अवस्थामा उनीहरुलाई एक्लो महशुस हुन नदिन मिलन केन्द्र स्थापना गर्न शुरु गरिएको र केन्द्रमा मनोरञ्जनका साधन समेत राखिने वडासदस्य भोलानाथ गौतमले जानकारी दिए । उनले भने- शिव पाञ्चायन मन्दिरले पुराणको आयोजना गरेर सात लाख रुपैयाँ संकलन गरेको र सोही रकममध्येबाट छ लाख रुपैयाँले एक कठ्ठा जमिन खरिद गर्दै ज्येष्ठ नागरिक मिलन केन्द्र निर्माण शुरु भएको छ । मिलन केन्द्रमा बिहान ११ बजेदेखि ३ बजेसम्म भेला गराई भजनकीर्तन, इन्टरनेटको माध्यमबाट देशविदेशमा रहेका छोराछोरीसँग भलाकुसारी गराउने कार्यक्रम रहेको गौतमको भनाइ छ । वडाध्यक्ष तामाङले स्वास्थ्य, शिक्षा र पर्यटन क्षेत्रको विकासका लागि समेत विभिन्न योजनाहरु सञ्चालन गरिरहेको जानकारी दिए ।

### सतासीधाममा ...

गोवर्द्धन गौशालाका संरक्षक आचार्य नन्दकिशोर भारद्वाज लगायतले बोलेका थिए । निम्बार्क भुषण श्रद्धेय सन्त स्वामी श्री भागवत् शरण देवाचार्यजी महाराज र अनन्त श्रीविभूषित श्री हिरप्रसाद शास्त्रीजी महाराजको मुखारविन्दबाट श्रीमद् भागवत कथा प्रवचन हुने आयोजकले जनाएको छ । विहीबारबाट १०८ कुण्डीय हवन शुरु हुने समेत आयोजकले जनाएको छ ।

कार्यक्रममा संघीय सांसद एलपी साँवा लिम्बू, प्रदेश सांसद झलसिंह दर्लामी, शिवसताक्षी नगरपालिकाकी उपमेयर भोजकुमारी नेपाल, ऐलानी जग्गा दर्ताका झापा अध्यक्ष राधाकृष्ण खनाललगायत विभिन्न व्यक्तिहरुको आतिथ्य रहेको थियो ।

## फाल्गुनन्दमा कांग्रेसको चुनावी प्रचार तीब्र



**पाँचथर, कात्तिक २७।** मंसीर १४ गते हुने उपनिर्वाचनका लागि नेपाली कांग्रेस पाँचथरले चुनाव प्रचार अभियानलाई तीब्र पारेको छ ।

फाल्गुनन्द गाउँपालिकाको अध्यक्षका लागि हुने निर्वाचनलाई लक्षित गर्दै वृजहाङ आङ्देम्वेले उम्मेदवारी दर्ता गराएपछि प्रचार अभियानलाई तीब्र पारिएको हो ।

पार्टीका केन्द्रीय सदस्य तथा अनुशासन समिति संयोजक भीष्मराज आङ्देम्वे,दोस्रो जागरण अभियानका केन्द्रीय प्रतिनिधि देउमान थेवे, पाँचथर जिल्ला सभापति नरेन्द्र केरुङ, पाँचथर काठमाडौं सम्पर्क समिति सभापति निर्मल रिजाल लगायतले आङ्देम्वेको जीत सुनिश्चित रहेको भन्दै प्रचार अभियानलाई तीब्र बनाएर अत्यधिक मत दिलाउन मतदातालाई आग्रह गरे । चुनाब प्रचारप्रसार समितिका संयोजक रामराज आङ्देम्बेले अध्यक्षता गरेको कार्यक्रमको सञ्चालन धनकुमार लावतीले गरेका थिए ।

यसैबीच नेता थेबेले तीन लाख बराबर पर्ने किरातेश्वर महादेबको मूर्ति र शिबलिङ्ग घुर्बिसे पञ्चमी किराँतेश्वर महादेब मन्दिर व्यवस्थापन समितिका अध्यक्ष र गाउँपालिका अध्यक्ष उम्मेदवार बृजहाङ आङ्देम्बेलाई हस्तान्तरण गरेका छन् ।

## सुई लगाई आफन्तबाटै बालिका विक्री

**झापा, कात्तिक २७।** बान्ता नआउने औषधि भनेर लठ्याउने सुई लगाई १५ वर्षीय बालिका आफन्तबाटै बेचिएको खुलासा भएको छ ।

काठमाडौंको एक होटलमा काम गर्दैगर्दा आफन्त पर्ने नुवाकोट सूर्यगढी गाउँपालिका-६ घर भई हाल ललितपुरको चापागाउँ बस्ने कान्छी तामाङ (सुनिता तामाङ) भन्ने कृष्णमाया लामाले बालिकालाई पढाइ दिने प्रलोभनमा पारेर भारतमा बेचेको प्रहरीको मानव बेचबिखन अनुसन्धान ब्यूरोले जनाएको छ ।

मानव बेचबिखन तथा ओसारपसारसम्बन्धी मुद्दाको अनुसन्धानको सिलसिलामा लामाले २०६८ सालमा आफ्नै नजिकको नाता पर्ने बालिकालाई पनि यसरी नै बेचेको खुल्न आएको प्रहरीले जनाएको छ ।

उक्त घटनामा संलग्न रहेको आरोप लागेका सोही ठाउँका ४२ वर्षीय शेरबहादुर लामा भने फरार रहेको प्रहरीको मानव बेचबिखन नियन्त्रण ब्यूरोले जनाएको छ ।

उनले बालिकालाई घर जाने बहानामा बसमा चढाई बान्ता नआउने औषधि भनी लठ्याउने औषधि खुवाएर भारत लगेको र उनी होसमा आउँदा भारतको मधुन भन्ने ठाउँमा पुगेको खुल्न आएको छ । लामाले बालिकालाई दोस्रो दिन सोही ठाउँकी कोठी सञ्चालक लक्ष्मी र हेमालाई १० हजार भारतीय रुपैयाँमा बेचेको ब्यूरोले जनाएको छ ।

बालिकालाई कोठी सञ्चालकले करीब एक महिना बन्धक बनाई शारीरिक वृद्धिका लागि सुईको प्रयोग गरी औषधि खुवाएको अनुसन्धानबाट पत्ता लागेको छ । त्यसपछि उनलाई भारतको नयाँ दिल्लीस्थित कोठी नं. ५११मा दुई बर्ष, कोठी नं. ६४मा दुई वर्ष र कोठी नं ४०मा १५ दिन राखी यौनधन्दामा लगाइएको थियो ।

सोही क्रममा एक नेपाली ग्राहकलाई बालिकाले पीडा सुनाएपछि उनकै पहलमा बालिकाको उद्धार गरिएको प्रहरीले जनाएको छ ।

## रक्सी पिएर सातवटा बाखाको हत्या

**भोजपुर, कात्तिक २७।** अरूण गाउँपालिका वडा नं. ६ जरायोटारका रणबहादुर विश्वकर्मा, बाबुराम विश्वकर्मा र भरत विश्वकर्मा विश्वकर्माका सात बाखाको रक्सीले मातेको झोंकमा छिमेकीले काटेर हत्या गरेका छन् ।

बाखा काटेर मारेको आरोपमा उनीहरुका छिमेकी धनबहादुर र अर्जुन विश्वकर्मा पक्राउ परेका छन् । सोमबारसाँझ आफ्ना पशु चौपाया राम्ररी बाँधेर सुतेका उनीहरुले मंगलबार बिहान उठ्दा शरीर एकातिर र टाउको अर्कोतिर भएको अवस्थामा बाखा फेला पारे । 'हामी राति जाँड खाएर आएका थियौं । त्यहीबेला बाखालाई खुँडा, दाउ र खुकुरी हानेका हौं भन्ने बयान दिएका छन्'- प्रहरी स्रोत भन्छ ।

## दुर्घटनामा दुई जनाको मृत्यु

**पाँचथर, कात्तिक २७।** पाँचथरमा सवारी दुर्घटना हुँदा दुई जनाको मृत्यु भएको छ ।

जिल्लाको हिलिहाङ गाउँपालिका-४ सालिङ्गेमा टिपर दुर्घटना हुँदा धादिङ घर भएका चालक बिनोद तामाङ र हिलिहाङ-२ घर भएका भीम तामाङको मृत्यु भएको हो । निर्माणाधीन पुष्पलाल ( मध्यपहाडी) लोकमार्गमा काम गरेर फर्कदै गरेको बा२क २९२० नंको टिपर सडकबाट करिब १०० मिटर तल झरेर दुर्घटना भएको हो ।

## कर प्रमुखको बिदाइ, चेम्बरको कार्यालय स्थापना

**विर्तामोड, कात्तिक २८।** बिर्तामोड उद्योग वाणिज्य संघ, चेम्बर अफ कमर्श झापा र महिला उद्यमी संघ बिर्तामोड लगायतका संस्थाले आन्तरिक राजश्व कार्यालय भद्रपुरका प्रमुख बोलराज आचार्यलाई बुधवार सम्मानसहित बिदाइ गरेका छन् ।

यसैबीच चेम्बर अफ कमर्श झापाले विर्तामोडमा कार्यालय स्थापना गरेको छ । यसैगरी महिला चेम्बर अफ कमर्श झापाको कार्यालय पनि सँगै स्थापना गरिएको छ । संस्थाका अध्यक्ष ओमकृष्ण बिमलीको घरछेउमा कार्यालय स्थापना गरी एक कार्यक्रमकाबीच बुधबार कार्यालयको उद्घाटन गरिएको छ ।

दुई वर्षभन्दा बढी आन्तरिक राजश्व कार्यालय भद्रपुरको प्रमुख पदमा रही आन्तरिक राजश्व विभागमा सरुवा भएका कर प्रमुख बोलराज आचार्यले कार्यालय उद्घाटन



गरेका थिए ।

संस्थाले कार्यालय उद्घाटनसँगै कर प्रमुख आचार्यको बिदाइको कार्यक्रम पनि राखेको थियो । चेम्बर अफ कमर्श झापाका महासचिव प्रदीप खरेलले सञ्चालन गरेको कार्यक्रमका बीच कर प्रमुख आचार्यलाई सम्मानपत्र र मायाको चिनोसहित विदाइ गरिएको थियो ।

संस्थाका अध्यक्ष ओमकृष्ण बिमली, संस्थापक अध्यक्ष सन्तोष अग्रवाल, महिला चेम्बरकी झापा अध्यक्ष प्रेमा भट्टराई, महिला चेम्बर बिर्तामोडकी अध्यक्ष संगीता चिमरियालगायतले कर प्रमुख आचार्यलाई सम्मानपत्र, मायाको चिनो र फूलगुच्छा प्रदान गरेका थिए । कार्यक्रममा सदस्य विष्णु आचार्यले स्वागत गरेका थिए ।

### गणतन्त्रात्मक ...

नेपाली कांग्रेसका सभापति उद्धव थापा, झापा क्षेत्र नं. ५का सभापति ढुण्डीराज भण्डारीसहित पार्टी नेता कार्यकर्ताहरुले स्वागत गरेका थिए । आज विहीवार बिर्तामोडमा हुने पार्टीको जिल्लास्तरीय अगुवा कार्यकर्ता भेलालाई सम्बोधन गर्न उनी झापा आइपुगेका हुन् ।


## कर्मचारी आवश्यकता

बिर्तामोड नपामा अवस्थित एक प्रतिष्ठित कम्पनीका लागि बिर्तामोड नपाभित्र नै मार्केटिङ गर्न सक्ने २ जना महिला कर्मचारीको आवश्यकता परेको हुँदा +२ पढेका वा पास गरेको इच्छुक नेपाली नागरिकले तु-सम्पर्क गर्नुहोला ।

**तलबः** आपसी समझदारीमा, आकर्षक

**आवश्यक कागजातः** शैक्षिक योग्यताको प्रमाणपत्र र नेपाली नागरिकताको प्रतिलिपि, अनुभवको प्रमाणपत्र भए पेश गर्न सकिनेछ ।

विहान ८ बजेदेखि दिउँसो ५ बजेसम्म सम्पर्क गर्न सकिनेछ ।

सम्पर्कः ०२३-५४०३३५

## होटल विक्रीमा

बिर्तामोडको नयाँ बसपार्क एरियामा रहेको होटल (खाजाघर) विक्रीमा रहेकाले लिन चाहने व्यक्तिले तु-सम्पर्क गर्नुहोला ।

सम्पर्कः ९८१६९८१०१७

## जग्गा विक्रीमा

शनिश्चरे बजार हुँदै कुशल चौकबाट एक सय मिटर दक्षिण, ३३ फुट मुख भई पूर्व फर्केको, ४० फुटे बाटोले छोएको डेढ कठ्ठा जग्गा अत्यन्त सस्तो मूल्यमा विक्रीमा रहेको हुँदा इच्छुक महानुभावले तुरुन्त सम्पर्क गर्नुहोला ।

मो. ९८४२६५५९५०/९८०४९६९९९०

## बिर्ता (सेफ्टी तथा ढल सफाई)

बिर्तामोड, झापा

(पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ ।)

पूर्वाञ्चलमै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाइ गरिन्छ ।



भूपाल बुढाथोकी
023-545402
9825952677
9825952680

सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस् ।

## बाह्रदशी गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

चकचकी, झापा

### बिरीङ, नदीवाट गिट्टी, वालुवा संकलनको प्रारम्भिक वातावरणीय परीक्षण (IEE) कार्य गर्ने बारेको सार्वजनिक सूचना

**प्रथमपटक प्रकाशित मितिः २०७६/०७/२८**

बाह्रदशी गाउँपालिका क्षेत्र भएर बग्ने उल्लेखित खोलाबाट गिट्टी, बालुवा संकलन गर्ने कार्यलाई व्यवस्थित गर्न वातावरण संरक्षण ऐन २०५३ तथा वातवरण संरक्षण नियमावली २०५४ (पहिलो सशोधन) को नियम ३ अनुसार प्रारम्भिक वातावरणीय परीक्षण (IEE) कार्य गर्ने शिलशिलामा उपरोक्त नदी तथा खोलालाई अध्ययन गर्न लागिएको छ ।

| खोला/नदी | नदीसँग जोडिएको बडा नं. |
|---|---|
| बिरीङ | बाह्रदशी गाउँपालिका वडा नं. १, २, ४, ५, र ७ |

प्रारम्भिक वातावरणीय परीक्षण (IEE) गर्ने क्रममा नियम ७को उपनियम २ बमोजिम सो प्रस्ताव कार्यान्वयन गर्दा प्रस्ताव क्षेत्रको भौतिक, जैविक, सामाजिक तथा सांस्कृतिक प्रणाली, आर्थिक तथा मानवीय क्रियाकलापहरु र यसका अवयवहरु तथा ती अवयवहरु बीचको अन्तरक्रिया र अन्तरसम्बन्धमा के कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न आवश्यक छ । यस सम्बन्धमा उक्त क्षेत्रमा प्रस्ताव कार्यान्वयन गर्दा पर्नसक्ने प्रभाव बारे प्रस्ताव क्षेत्रको वडा कार्यालय, विद्यालय, अस्पताल, स्वास्थ्य चौकी, सम्बन्धीत अन्य निकाय तथा प्रस्तावबाट प्रभाव पर्न सक्ने व्यक्ति वा संस्थाले यो सूचना प्रकाशित भएको मितिबाट १५ (पन्ध्र) दिनभित्र निम्न ठेगानामा आइपुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराइदिनुहुन अनुरोध गरिन्छ । उक्त राय सुझावको प्रतिलिपि सम्बन्धित मन्त्रालयलाई समेत दिन सकिने छ ।

**राय सुझाव पठाउने ठेगानाः बाह्रदशी गाउँपालिका, चकचकी, झापा**

**सम्पर्क नं. ९८१७०२६३४४/९८२४०२५५३१**

## Wanted Urgently

Himresh Education Foundation Birtamode-1, requires uregently teacher for primary level.

**Qualification:** Bachelor or +2 passed in English medium.

Note: Female are given first priority.

Contact immediately with C.V.

**Contact office: 9814025803**

## श्री नयाँ श्रीनाथगण, चारआली व्यारेक, झापा

### शिलबन्दी दरभाउपत्र आव्हानको सूचना

**दोस्रोपटक प्रकाशित मितिः २०७६।०७। २७ गते**

चालू आ.व. ०७६।०७७मा यस गण हे.क्वा., चारआली व्यारेक तथा सुरक्षा पोष्ट चन्द्रगढीमा भएका व्यारेक घरहरुको इन्जिनियरिङ्ग इस्टीमेट बमोजिम पानी बग्ने नाली मर्मत, फल्स सिलिङ्ग लगाउने, विग्रिएका रंगीन जस्तापाता बदली, झ्याल ढोका बदली तथा मर्मत, व्यारेक घरहरुको रंगरोगन, टायल लगाउने, व्यारेक घरहरुमा भएका विद्युत् सम्बन्धी कार्यहरु आवश्यकता अनुसार मर्मत तथा वायरिङ्ग गर्ने आदि कार्यहरु सम्पन्न गर्नको निमित्त आवश्यक पर्ने सामग्रीहरु शिलबन्दी दरभाउपत्रको माध्यमबाट खरिद गर्नुपर्ने भएकोले नेपाल सरकारबाट इजाजत प्राप्त इच्छुक फर्म, कम्पनी तथा संस्थाहरुले यस गणबाट शिलबन्दी दरभाउपत्रको कागजात खरिद गरी ७ दिनभित्र दररेट पेश गर्नुहुन यो शिलबन्दी दरभाउपत्रको सूचना प्रकाशित गरिएको छ ।


श्रीअन्नु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरूप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ उप सम्पादक : तुलसीप्रसाद निरौला ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१) ■ प्राविधिक : बद्री महतारा
■ प्रेसेसिङ : गोपाल मण्डल ■ बजार प्रतिनिधि: गोपाल अधिकारी-९८०७९१०२२२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी (कार्यालय फोन : ०२३-५४१००२/प्रशासन/विज्ञापन : ०२३-५४००४४) Email: purwanchal2052@gmail.com /purwanchal@ntc.net.np

पूर्वाञ्चल
सम्पादकीय

# स्वरोजगारमा लाग्ने युवालाई प्रोत्साहन गरौं

**मुलुकमा केही गर्न सकिँदैन र रोजगार छैन भन्दै दिनहुँ सयौं युवा विदेशिने क्रम जारी छ । युवाहरु ठूलो संख्यामा अमेरिका, बेलायत, अष्ट्रेलियासँगै खाडी मुलुक र मलेसियामा आफ्नो श्रम बगाइरहेछन् । त्यहाँ उनीहरुले भोग्ने भुक्तमानका ठेलीकाठेली महाकाव्य लेख्न सकिन्छ । हरेक दिन युवाका लाशहरु बाकसमा बन्द गरेर त्रिभुवन विमानस्थलमा उतारिन्छन् । यो दुश्चक्रबाट मुलुकले कहिले मुक्ति पाउँछ ? प्रकृतिले हराभरा, भौगोलिक विविधताले विछट्टै सुन्दर, उत्पादनका दृष्टिले भव्य सम्भाव्य बोकेको नेपाल अहिलेसम्म पनि गरिबी, अभाव र बेरोजगारीको पासोमा फसिरहेको छ । राजनीतिक अस्थिरता, भ्रष्टाचार, बेथिति, विसंगतिबाट मुलुक मुक्त हुन सकेको छैन । युवा वर्गलाई पर्याप्त मात्रामा रोजगार सृजना गर्न राज्य हाललाई सक्षम छैन । यस्तो अवस्थामा राज्यस्तरबाट मात्र रोजगारको आशा गर्नुभन्दा स्वरोजगार सृजना गरे युवाशक्तिको पलायनलाई केही मात्रामा रोक्न सकिन्छ ।**

**यस्तै उदाहरण प्रस्तुत गर्न झापाका एक युवा अग्रसर भएका छन् । झापा जिल्लाको दक्षिणी सीमान्त गाउँपालिका झापा गाउँपालिका–३ कामाटोलीका युवा चन्द्रप्रसाद बस्नेतले दुई वर्ष इजरायलमा कृषि तालिम लिई आफ्नै गाउँमा व्यावसायिक केरा खेती शुरु गरेका छन् । बस्नेतले आफ्नै गाउँमा एग्री सेन्टर झापाको व्यावसायिक फर्म दर्ता गरी व्यावसायिक केरा खेती शुरु गरेका हुन् । बस्नेतले झापा गाउँपालिकामा हाल २० बिगाह जमिन भाडामा लिएर सो उन्नत जातको केरा खेती शुरु गरेका छन् । यो खेतीलाई अर्को वर्षबाट ५० बिगाह बनाउने समेत उनको योजना छ । केराको व्यावसायिक उत्पादन गरी केराबाट अन्य विभिन्न परिकार र वाइन समेतको उत्पादन गरी तेस्रो मुलुकमा समेत निर्यात गर्ने सोचमा रहेका बस्नेत एक पौरखी युवा हुन् । केराको बेर्ना रोपेको वर्ष दिनदेखि उत्पादन सुरु हुने र प्रतिविगाह चार लाख रुपैयाँसम्म आम्दानी लिन सकिने देखिन्छ । उत्पादनलाई जोड दिएर मात्र आयातलाई न्यूनीकरण गर्न र निर्यातलाई प्रश्रय दिन सकिन्छ ।**

**गुनासो गरेर मात्र हुँदैन । निराशाको खेती गरेर सकारात्मकताको उत्पादन असम्भव छ । जसले पहल गर्छ, पौरख गर्छ, लगानी गर्छ र कर्मक्षेत्रमा हाम फाल्छ, उसले सफलता पाउने निश्चित छ । चियापसलमा गफ गरेर मात्र मुलुकको समृद्धि असम्भव छ । 'समृद्ध नेपाल, सुखी नेपाली' को राष्ट्रिय लक्ष्य तब सफल हुन्छ, जब त्यसको मर्म अनुरुप आम जनसमुदाय र विशेष गरी युवावर्ग क्रियाशील हुन आवश्यक छ । विदेशको उन्नति देखेका, विकास बुझेका र समृद्धि चाखेका युवाहरुले आफ्नै मातृभूमिमा सुन फलाउन सकिन्छ भनेर स्वरोजगारमा लाग्नु स्तुत्य छ । बस्नेत लगायत कर्मक्षेत्रमा समर्पित युवाहरुलाई गाउँसमाज, स्थानीय सरकार र सम्पूर्ण राज्यबाट सहयोग हुन जरुरी छ । हौसलाले उमंग थप्छ, प्रेरणाका पङ्खले मानिसमा सामर्थ्यको उडान भर्छ, तागत सृजना गर्छ । तसर्थ, सबै पक्षबाट उत्पादनका क्षेत्रमा क्रियाशील रहेका र स्वरोजगारमा भर्खरै पाइला चाल्न प्रयत्न गर्दै गरेका युवालाई आशाको दीप जलाएर अझै उत्प्रेरित बनाउन जरुरी छ ।**

# भारतीय दादागिरी न्यूनीकरणको यो उपाय पनि हुनसक्छ



**नकुल काजी**

यसबेला भारतद्वारा दशकौंदेखि अतिक्रमण हुँदै आएको, भइरहेको र त्यो दुष्कर्म झन्-झन् तीव्र हुँदै गइरहेको विरोधमा नेपालको सर्वाङ्ग तात्तिरहेको छ। यस राष्ट्रका प्रायः सबै कालखण्डका नायकत्व-नेतृत्व गर्नेहरुले सत्तास्वार्थका निम्ति नूर झारेर राष्ट्रिय हमलारुपी भारतीय हरकत सहने र ढाकछोप गर्ने गर्दै आएका थिएनन् भने अहिले जनमतले बलियो एवम् शक्तिशाली सरकारकालमा समेत उस्तै गरी देशभक्त नेपालीले यसरी आक्रोशित हुने अवस्था नै जिवित रहिरहेको हुने थिएन होला। नायकत्व नेतृत्व गर्नेहरुले आफू सो हैसियतमा रहिरहने स्वार्थसंग भारतीय हस्तक्षेप र अतिक्रमण सहिदिने भाव विनिमय गर्ने गरेकाले नै शायद भारतले यस्तो दुःसहास गरिरहने थिएन होला। र, देशभित्रै पनि भारतप्रेरित पृथकतावाद डुङ-डुङ गन्हाउने स्वरहरु घरिघरि उर्लिने परिस्थिति जम्दै जाने थिएन होला। तर, अहिलेको जनमतमा निहीत ऊर्जा हेर्दा भने अब नेपालीले वीर पुर्खाको विरासत मूर्तरुपमा व्यावहाराकृत गर्ने अठोटलाई सुदृढ गराएको प्रतीत हुँदैछ र यो प्रतीति सर्वाधिक सुखद छ।

यद्यपि, वर्तमान र सरकारकै उपप्रधानमन्त्री पदवाहक उपेन्द्र यादव भारतीय मानचित्रले यस देशको पश्चिमोत्तर दार्चुला जिल्लामा पर्ने कालापानी, लिपु लेक र लिम्पियाधुरा निलेको विरोधमा उठेको देशभक्त नेपालीको आवाजलाई कौडे मुस्कानका साथ 'कागले कान लग्यो भन्दै काग खेद्नु हुँदैन, कान छाम्नु पर्दछ' भन्ने उखान रुपी व्यंग्यात्मक भाषण बास्तै हिँडेका छन्। भारतका वर्तमान प्रधानमन्त्री नरेन्द्र मोदीका तीन हस्ती-सहकर्मीहरु अमितसाहा, निर्मला सियारमण र सुब्रमण्यम जयशंकरका निकटस्थ मधिसे नेतामध्ये एक उपेन्द्र यादवको पृष्ठशक्ति चानचुने त छैन नै। भारतद्वारा कालापानी, लिपु लेक र लिम्पियाधुरा उसको मानचित्रमा गाभेको मात्र होइन उनी (यादव) उपप्रधान मंत्री जस्तो उच्च कार्यपालिका-पदबाहक रोहको व्यक्तिलाई यस देशको भारतीय सीमावर्ती २३ जिल्लामा नेपाली भूगोल चिथोरिएको कथा-व्यथा पनि भलिभाँती थाहा हुनैपर्ने हो। कालापानीहरु र देशका २३ जिल्लामा अतिक्रमण भएकै छैन, भारतले आफ्नो हक-अधिकार कै काम गरिरहेको भनेर बुझिने आशय उनका भाषणको डाकोबाट प्रस्तुत हुन थालेको छ। सरकारका पदवाहकले संविधान-निर्दिष्ट भई खाएको सपथ यस किसिमको वाक-प्रस्तुतिले सरेआम अवज्ञा गरेको ठहर्छ कि ठहर्दैन, हेर्न-जान्न बाँकी छ। यदि यस्ता प्रस्तुतिलाई सही ठान्नुपर्छ भने वर्तमान सरकार यस परिप्रेक्ष्यमा प्रत्यक्ष अग्रसर नहुनुलाई पनि सही ठान्नैपर्ने खण्ड पर्दछ। र, सरकारले जन-दबावमा परेर भारतीय अतिक्रमणको बिरोधमा 'केही न केही नगरी धर पाइएन' भन्ठानी 'सर्वदलीय बैठक' रुपी ढाल खडा गरेको रहेछ भन्ने पनि बुझिदिनुपर्ने हुन्छ। वस्तुतः देशका हकवाला महानायक-नायक हैसियतधारीहरु भारतको घटोत्कच्चाकार दादागिरीबाट कहिले पो नदच्केका छन् र ! 'हामीले त चूपचाप बाह्रआना-हल्ला गरे चारआना भन्ने नीति लिएर कान खसालेकै थियौं। हल्लाखल्लाको आगो बढ्यो र बाध्य भई सर्बदलीय बैठक बोलाइको। सो बैठकमा पनि आफैं पार्टीका सहकर्मी समेत प्रभुका विपक्षमा देखिए। हाम्रो केही लागेन प्रभु !'... भन्ने बहानामा 'सर्वदलीय बैठक'को रुपमा खडा गरिएको कसो नहोला ? आखिर वर्तमान सरकार सिजनल राष्ट्रवादको सिँढी टेकेर सिंहदरवार उक्लिएको कथा-कथालिका र प्रकरी त जान्ने-बुझ्ने सबै नेपालीले दिमागमा छाप्नु परिराखेकै जो छँदैछ। मौसम-मौसममा फेरिने राष्ट्रवादको नाक-नक्सा ! अहिले नै पनि वा सर्वदलीय बैठकपछि नै पनि सो बैठकद्वारा निसृत 'कुटनीतिक प्रयास' हुनुपर्ने विषय नेपाल र भारतका परराष्ट्र सचिव स्तरमा ओलिइसकेकोछ।

भारतको भयावह दादागिरीका घटनापरक फेयरिस्त प्रस्तुत गरेर सकिने छैन। भारतबाट नेपाल लगायत उसका सबै सँधियार साना राष्ट्रहरु आ-आफ्नै तरिकाबाट आहत र आक्रान्त भइरहेकै छन्। यी मध्ये पाकिस्तान केही बलियो उभिएको भए पनि उसले भारतीय किचोलामुक्त उभिन पाएको कहिल्यै छैन। यस बाहेक बांगलादेश, श्रीलंका र माल्दिप्समा पनि भारतीय दत्तकपुत्रहरुको सेटिङ र ती मार्फत चल्ने खुचुरखुचुर छुस्क्याइँ-छुल्याइँ सधैंको टाउको दुखाइ भइरहेकै छन्। भूटान त प्रकारान्तरले दक्षिण-पश्चिम प्रशान्त महासागरीय टापु-देश फिजीको भारतीय उफ्रीपाफ्री पुनरावृत्तिको अन्तिम अवस्थाबाटै गुज्रिरहेकै छ। वर्तमान प्रचण्ड बहुमतको शक्तिशाली सरकारले नेपाली भूमिमाथि भारतीय अतिक्रमणका घाउहरुबाट आरोग्य बनाउन चाहन्छ भने ऊसित एउटा अचूक उपाय पनि छ, तर उसका पदासीनहरुले पद र दर्जाको आशक्तिबाट मुक्त भई असल यशस्वी इतिहास निर्माणको समरमा उत्रनसक्नु पर्दछ। र, त्यो उपाय हो–

सन् १९५० जुलाई ३१ तारिख तद्नुसार २००७ साल साउन १६ गते काठमाडौंमा नेपाल सरकारका तर्फबाट तत्कालीन प्रधानमन्त्री तथा सुप्रिम कमाण्डर इन-चीफ मोहन समशेर जंगबहादुर राणा र भारत सरकारका तर्फबाट नेपालका लागि तत्कालीन भारतीय राजदूत चन्द्रेश्वरप्रसाद सिंहबाट हस्ताक्षर भएको बहुचर्चित सन्धि-पत्रको सकल अभिलेख र सरकारसंग होला नै। 'नेपाल-भारत शान्ति तथा मैत्री सन्धि' नाम दिइएको सो सन्धिका दश तफा (ten articles)- मध्ये दफपा-८ मा भनिएको छ– So far as matters dealt with here in are concernedthis Threaty cancell all previous treaties, agreements and arragements entered into on behal of jnolia betweenthe British Governments and the Government of Nepal. यो सन्धि-पत्र अंग्रेजी र नेपाली भाषामा टङकित भई दुबैमा हस्ताक्षर भएको थियो। नेपाली प्रतिमा प्रयुक्त भाषाको अनुवाद यस्तो थियो- "जहाँसम्म यहाँ जिकिर गरिएका कुराहरुको सम्पर्क छ, ती सबैमा यो सन्धि-पत्रले भारतका तर्फबाट ब्रिटिस सरकार र नेपाल सरकारको बीचमा भएका यस अघिका सबै सन्धि-पत्र, स्वीकार-पत्र र कबूलनामाहरुलाई खारेज गर्दछ।"




सन् १९५० को सो सन्धिक। दशवटा दफामध्ये नौ वटा दफालाई भारतले उसलाई आवश्यक पर्दा अख्तियार गर्दै आएको छ। यसले भारतद्वरा सनिधको अस्तित्वलाई स्वीयकारिरहेको स्पष्ट बुझाउँछ। तर, दफा-८ लाई भारतले आफ्नो विशालताको अहंकार लबस्तर्‍याइँरुपी ओथ्रामा च्यापेर प्रयोगमा ल्याएको छैन र सो दफा हटाइएको वा संशोधन भएको पनि छैन। अतः, त्यसो भए सन् १९५० भन्दा १३४ वर्षअघि सन् १८१६ मा भएको सुगौली सन्धि चाहिँ जीवित छ त ? सनिध-सम्झौता जस्तो राष्ट्रिय महत्वको लिखतको आफू अनुकूल प्रयोग गरिरहनु अहम्‌त्याइँ हो कि होइन ? तर, नेपालका तर्फबाट यो प्रश्न, के वाके-के कारण हो, कहिल्यै खडा गरिएन। एकपल्ट जोगी नरहरिनाथले यस किसिमको जमर्को गर्दा उनी माथि कारवाही भएको यो लेखकलाई कता-कता थाहा छ। त्यो कारवाही पनि भारत निर्देशित थियो भन्ने पनि चर्चा बाक्लिएको थियो।

भारतले यही कात्तिक १६ गते (नोभेम्बर २ तारिख) नेपालका कालापानी, लिपु लेक र लिम्पियाधुराको जम्मा ४५ हजार हेक्टर भूमि सरेआम गाभेर उसको नयाँ मानचित्र प्रकाशमा ल्याएपछि सबै तप्का र तहका सहोदर नश्लका देशभक्त नेपालीको रगत भकभकी उम्लिएको छ। यस मौकामा सन् १९५० को सन्धिको दफा-८ उपयोग गरेर नेपालले भारतलाई चुनौती दिनु हो भने यस परिप्रेक्ष्यमा भारत ठूलो (big) मात्र रहनेछ महान (great) रहने छैन। यहाँसम्म त उसले आफ्नो विशालता (bigness)-लाई नै महानता (greatness) मानिरहेको छ। यो कुनै कर-कचेडा गर्ने वा सामरिक उत्तेजनाबाट नभई भद्र र शालीन तरिकाबाट छिनिने मुद्दा हो। र, अहिलेको जनमतले सम्पोषित बलियो र शक्तिशाली सरकारले अभ्यन्तरबाटै राष्ट्रप्रति आत्मनिवेदित हुने इच्छाशक्ति पनि निश्छल र दुरुस्त राखेको भए कात्तिक २३ गते सम्पन्न सर्वदलीय परामर्श बैठकले कोरलेको निर्णयले यो सरकारलाई आत्मबलबर्द्धक ऊर्जा पनि थपिदिएको छ।

यस्तो सौभाग्य अहिलेको सरकारको हैसियतका लागि ऐतिहासिक सावित गर्ने सुनौलो मौका पनि हो। र, यही मौकाको सदुपयोग यो सरकारका लागि नागरिक तप्काका नेपालीका मन जितेर तिनका अन्य सबै व्यावहारिक असन्तोष तपसिलमा पुर्‍याउने र अग्रगमन सहज बनाउने सजिलो उपाय पनि सिद्ध हुनेछ। आम नेपाली जे भनिरहेका छन्, सम्पूर्ण पार्टीहरु के भन्दैछन् र मातृभूमिका प्रतिको कर्त्तव्य के हो भन्ने समेत इमानदारी साथ बुझिनुपर्ने यो उपयुक्त समय खेर नजाओस्। होइन, परम्परागत पद र सत्ता लोलुप प्रवृत्ति नै प्रिय ठान्ने हो भने कसैले केही भनेर पो के हुन्छ र ? राष्ट्रको बलिवेदी घन्किरहेको विषय महत्वपूर्ण नमानिने हो भने त्यसको दुष्परिणाम खतरनाक भडखाल पनि हुन सक्तछ। र, आजलाई यत्ति नै। शेष फेरि –

# सडकको अवस्था र बढ्दो सवारी दुर्घटना

**ज्ञानमणि नेपाल कालोटोपी**

गत असोज २४ गते सिन्धुपाल्चोकको इन्द्रावती गाउँपालिकाको भोटसिपामा बस दुर्घटना हुँदा १२ जना यात्रीको निधन भयो। ८० जनाभन्दा बढी घाइते भए। कात्तिक १५ गते पनि सिन्धुपाल्चोकबाट काठमाडौंका लागि छुटेको बस जर्सिङपौवामा दुर्घटना हुँदा चार जनाको मृत्यु भयो। कात्तिक १७ गते सिन्धुपाल्चोककै सुकुटेमा भएको बस दुर्घटनामा १७ जनाको मृत्यु भयो भने ५२ जना घाइते भए। सोही दिन म्याग्दी र कैलालीमा भएको बस दुर्घटनामा छ जनाको ज्यान गयो। कात्तिक १५ र १६ गते देशभर डेढ दर्जनभन्दा बढी सवारी दुर्घटना भए, जसमा १८ जनाको मृत्यु भयो भने एक सय १३ जना घाइते भए। जसमा पूर्व सांसद रामलखन महतोको समेत निधन भयो।

उल्लिखित घटना प्रतिनिधि घटना मात्र हुन्। नेपालको भौगोलिक अवस्था सडक निर्माणको बाधक रहँदारहँदै पनि यसमा पछिल्लो एक दशकयता केही उल्लेख्य कार्य भएका छन्। विकास-निर्माणका लागि पहिलो खुड्किलो भने कै सडक यातायात हो भन्ने कुरालाई आत्मसात् गर्दै सरकारले यसका लागि प्रयास गरेकै हो। यसैक्रममा सन् २०१७ सम्ममा देशका सबै जिल्ला र सदरमुकामहरूमा सडकसञ्जाल जोड्ने सरकारको महत्वाकांक्षी योजना थियो, यद्यपि अहिलेसम्म पूरा हुन बाँकी नै छ। यतिखेरसम्म आइपुग्दा डोल्पा जिल्लाको दुने र हुम्ला जिल्लाको सदरमुकाम सिमिकोट बाहेक अरू ७५ जिल्ला सदरमुकामहरू सडक सञ्जालमा जोडी सकिएका छन्। ती जिल्लाहरूमा पनि सडकको ट्र्याक भने खोली सकिएको र अबको केही महिनाभित्रैमा मोटर पुर्‍याउने लक्ष्यसहित काम भइरहेको बताइएको छ। विगत पाँच वर्षदेखि काम हुँदै आइरहेको डोल्पामा सडक पुर्‍याउन ९३ किमि निर्माण सकिएको छ। यहाँ बस सञ्चालन गर्न सकिने अवस्था छ भने हुम्लाका लागि दुई सय ३८ किमि सडक मध्ये ५८ किलोमिटर मात्रै बाँकी छ। यी दुवै क्षेत्रमा नेपाली सेनाले कामको जिम्मा लिएको छ।

देशमा अहिलेसम्म भएका सडक निर्माणलाई सरसर्ती हेर्ने हो भने कूल ५२ हजार आठ सय ८३ किलोमिटर सडक निर्माण गरिएको छ। देशका साबिकका चार सय १८ गाविसमा अहिलेसम्म मोटरबाटो पुगेको छैन। निर्माण गरिएको कूल सडकमध्ये ७३ प्रतिशत सडक अहिलेसम्म पनि धुलाम्मे सडककै रूपमा सञ्चालित छन्, जहाँ वर्षको पाँच महिना मात्र सवारी साधनहरू गुड्न सक्ने अवस्था छ। २४ प्रतिशत सडक ग्राभेल गरिएका छन् भने बाँकी तीन प्रतिशत सडक मात्र पक्की सडकका रूपमा निर्माण भएका छन्।

अबको एक वर्षभित्रैमा सबै जिल्ला सदरमुकाममा सडक सञ्जाल जोडिने र सडक कालोपत्रे पनि गराउने सरकारको योजना छ। यसअघि निर्माण भइसकेका ७५ जिल्ला मध्ये ६२ जिल्लामा वर्षैभरि गाडी चलाउन सकिन्छ भने १३ जिल्लामा मौसमी सडक सञ्चालनमा छ। वर्षायाममा चलाउन नसकिने जिल्लाहरूमा भोजपुर, सोलुखुम्बु, ओखलढुङ्गा, खोटाङ, मुस्ताङ, मनाङ, रुकुम, बाजुरा, जुम्ला, कालीकोट र मुगु लगायत छन्। तर, योजनाअनुरूप काम हुन सक्ने वा नसक्ने त्यो भने प्रतीक्षा कै विषय रहेको छ। हुन त सडक सञ्चालनमा रहेका धेरैजसो जिल्लामा पनि सन्तोषजनक अवस्था छैन। सडकहरू भरपर्दो नभएकै कारण दैनिक रूपमा दुर्घटनाहरू थपिँदा छन्। यसको जल्दोबल्दो उदाहरणका रूपमा भर्खरै मात्र भएका ठूला सडक दुर्घटनाहरूलाई लिन सकिन्छ।

त्यस्तै दुर्घटनाकै हिसाबले हेर्दा धेरै दुर्घटना हुनेमध्ये कर्णाली राजमार्गलाई पनि लिन सकिन्छ। २०६२ सालदेखि निर्माण थालिएको यो राजमार्ग २०६६ सालमा सम्पन्न भएको र त्यसै वर्षदेखि बस सेवा पनि सञ्चालनमा आएको थियो। बस सेवा शुरु भएयता यस मार्गमा दुई सय ९३ वटा सवारी दुर्घटना भइसकेका छन् भने दुई सय ५० जनाले ज्यान गुमाइसकेका छन्। दुई सयभन्दा बढी मानिस अपाङ्ग भएका छन्। दुई सय ३६ किलोमिटर लामो यस सडकमा २०७२ चैत्र २ गते पनि ठूलो दुर्घटना भयो। यसमा



१८ जनाको निधन भएको थियो। अहिले जनता कर्णाली राजमार्गलाई मृत्युमार्गको नामले व्यंग्य गर्न थालिसकेका छन्। सडक निर्माणमा भएको लापरवाही हो वा चालकहरूको बेवास्ता, यहाँ महिनैपिच्छे ठूला दुर्घटनाहरू भई नै रहने गरेका छन्। यति मात्र होइन, राजधानीलाई बाहिरी जिल्लासँग सम्पर्क गराउने मुख्य पृथ्वी राजमार्गलाई पनि सरकारले समय अनुसार विस्तार गर्न सकेको छैन। घण्टौं जाममा पर्दै यहाँ पनि यात्रीहरूले सास्ती पाउने गरेका छन् भने सवारी दुर्घटना पनि उत्तिकै हुने गरेको छ। पछिल्लो केही वर्षयता मुग्लिन-नारायणघाट सडक मर्मत र विस्तारको क्रममा छ।

उपत्यका ट्राफिक प्रहरी कार्यालयको एक तथ्याङ्क अनुसार उपत्यकामा मात्र प्रत्येक महिनामा करिब दुई सय वटा सडक दुर्घटना हुने गरेका छन्। यसबाट झण्डै २० जनाको मृत्यु र पाँच सयभन्दा बढी अपाङ्ग र घाइते हुने गरेका छन्। त्यस्तै उपत्यका बाहिर पनि हिजोआज सडक दुर्घटनाको क्रम अकासिँदो छ। यसरी हेर्दा दैनिक सरदरमा सात जनाको र वार्षिक दुई हजार जनाको मृत्यु सवारी दुर्घटनाबाटै हुने गरेको छ। यो त प्रत्यक्ष देखिएका घट्नाहरू हुन्। नदेखिएका दुर्घटनाहरूको अवस्था त झन् भयावह छ। यसरी हुने गरेको सडक दुर्घटनाको मुख्य कारण चालकहरूको लापरवाही, साँघुरा र घुम्ती सडक, पुराना सवारीसाधनहरूको समयमा मर्मत नहुनु र पैदल यात्रीहरूको हेलचेक्र्याइँ मुख्य रूपमा रहेका छन्।

वर्ष २०७२ असोजदेखि मंसिरसम्मकै मात्र कुरा गर्ने हो भने सडक दुर्घटनाकै कारण यस अवधिमा करिब तीन सयभन्दा बढी सर्वसाधारणले ज्यान गुमाएका थिए। ठूला दुर्घटनालाई सरसर्ती हेर्दा २०७२ असोज २० गते डोटीमा बस दुर्घटना भयो। यसमा ३० जना यात्रीको दुःखद् निधन भएको थियो। असोज २३ गते नुवाकोटमा भएको बस दुर्घटनामा १८ जनाको ज्यान गयो। असोज २७ गते बबरमहलमा भएको दुर्घटनामा तीन जनाको मृत्यु भयो। त्यस्तै ०७२ कै कात्तिक १० गते ओखलढुङ्गामा जिप दुर्घटना हुँदा ११ जनाको मृत्यु भयो। कात्तिक १६ गते मकवानपुरको शान्तिपुरमा भएको बस दुर्घटनामा १० र १८ गते मकवानपुरमै ट्रक दुर्घटनामा सात जनाको मृत्यु भयो। मंसिर ४ गते जाजरकोटमा भएको बस दुर्घटनामा पनि ठूलो मानवीय क्षति भयो। यहाँ करिब ५० जना मानिसको ज्यान गएको थियो। मंसिर ५ गते खोटाङमा भएको अर्को दुर्घटनामा ७ जनाको मृत्यु भयो। २०७३ साउन ३१ मा काभ्रे जिल्लाको बिर्तादिउरालीमा भएको बस दुर्घटनालाई पनि भुल्न सकिँदैन। सडकबाट एक सय ५० मिटर तल बस खसेर भएको यो दुर्घटनामा २७ जनाको निधन भएको थियो भने ४० भन्दा धेरै घाइते भएका थिए। सोही दिन बैतडीमा दुर्घटना हुँदा चार जनाको मृत्यु भयो। यी त मानवीय क्षति धेरै भएका केही बस दुर्घटनाका उदाहरण मात्र हुन्। यस्ता दुर्घटनाहरू हिजोआज दैनिकजसो हुने गरेका छन्। गएको दशैंको अवधिमा मात्र देशभर ९८ जनाको सवारी दुर्घटनामै मृत्यु भएको तथ्यांक ट्राफिक प्रहरीले दिएको छ।

सरकारले सडक विस्तार कार्यक्रमलाई सजिलो र भरपर्दो बनाउने अभिप्रायका साथ एक दशकदेखि कृषिसडक र ग्रामीणसडक निर्माण कार्यलाई पनि प्राथमिकतामा राखेको छ। यस अनुरूप स्थानीय स्तरमा जनतालाई सडक हस्तान्तरण गराई उनीहरूकै रेखदेखमा मर्मत गराउने गरी कार्यक्रमहरू पनि अगाडि सारेको छ। बर्षेनि यस्ता सडकलाई बजेट पनि विनियोजन गर्दै आएको छ। थुप्रै सडक यस कार्यक्रम अन्तर्गत अहिले पनि निमार्णाधीन अवस्थामा छन्।यसै कार्यक्रमका कारण जिल्ला सदरमुकामसम्म गाउँहरूको सम्पर्क पनि जोडिएका छन्। यो एकदमै सकारात्मक र सराहनीय कार्य हो, तर यस्ता सडक निर्माण गर्दा हुने गरेका अनियमितताले गर्दा सीमित व्यक्तिहरूले मात्र यसको फाइदा लिएको र निर्माण हुनुपर्ने ठाउँमा काम राम्रो नहुँदा जनमानसमा सरकारी कार्यक्रमहरूले राम्रो छाप छोड्न नसकेको त छँदैछ, सरकारले सडकमा गरेको अर्बौंको लगानी पनि बालुवामा पानीजस्तै भएको छ, जसको परिणाम स्वरूप अहिले यस्ता दुर्घटनाहरू बढ्ने गरेका छन्।

देश निर्माणको मेरुदण्डका रूपमा रहेको सडक यातायातलाई समय अनुकूल र आवश्यकता अनुरूप निर्माण गराउँदै जाने हो भने यसले देश विकासको गतिलाई अग्रसरता दिलाउनेछ। जनताले पनि विकासको अनुभूति गर्न पाउनेछन्। सडक निर्माणको नाउँमा ठेकेदारहरूले काम गराएको जस्तो आँखामा छारो हाल्ने काम गर्ने र बजेटजति खल्तीमा भर्ने गराउने वर्तमान अवस्थाले सडक क्षेत्रमा सोचे अनुरुप काम हुन सकेको छैन। सरकारी प्रयास र सडकका लागि आउने गरेको वैदेशिक सहयोगको पनि सदुपयोग हुन नसकेको यथार्थको प्रत्यक्षदर्शी जनता स्वयम् छन्। यसतिर सरकार र जिम्मा लिएको सम्बन्धित निकायले समयमै ध्यान पुर्‍याउन जरुरी छ। अन्यथा सडक निर्माणमा अनियमितता बढ्दै जाने, सडकहरू बिग्रने, सवारी दुर्घटनाहरू बढ्नेक्रमले निरन्तरता पाउने र यसकै कारण थुप्रै जनधनको क्षति हुने निश्चित छ।

# सिम्रिकको सहकारी शिक्षा तालिम



**बिर्तामोड, कात्तिक २७।** झापाको बिर्तामोडमा मुख्य कार्यालय रहेको सिम्रिक बचत तथा ऋण सहकारी संस्थाले गौरादह सेवाकेन्द्रमा सहकारी सदस्य शिक्षा तालिम सम्पन्न गरेको छ।

शिक्षा तथा तालिम उपसमितिका संयोजक एवम् संस्थाका सचिव सुवास भट्टराईको अध्यक्षता तथा नेफ्स्कुनका सञ्चालक सदस्य तथा झापा जिल्ला बचत तथा ऋण सहकारी संघका अध्यक्ष घनश्याम अधिकारीको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा शिक्षा तथा तालिम उपसमितिका सदस्य गणेश सुवेदीले स्वागत गरेका थिए।

नेफ्स्कुनका सञ्चालक सदस्य तथा झापा जिल्ला बचत तथा ऋण सहकारी संघका अध्यक्ष घनश्याम अधिकारीको प्रमुख प्रशिक्षकत्वमा भएको तालिममा एक सय जनाभन्दा बढी शेयर सदस्यहरुको सहभागिता रहेको थियो। तालिमका प्रशिक्षक अधिकारीले बचत गर्नुका फाइदा, सहकारीमा शेयर सदस्यको भूमिका लगायतका विषयमा तालिमका सहभागीलाई जानकारी गराएका थिए।

कार्यक्रममा संस्थाका अध्यक्ष कमलबहादुर बस्नेतले संस्थाको आन्तरिक गतिविधि, वित्तीय विवरण, चालू वर्षका लागि साधारणसभाले पारित गरेका कार्यक्रमहरु एवम् संस्थाको भावी लक्ष्यका बारेमा प्रकाश पारेका थिए।

सिद्धार्थ बैंक गौरादह शाखा प्रमुख नुतन गिरीलगायतले शुभकामना मन्तव्य राखेको कार्यक्रमको सञ्चालन संस्थाका तालिम विभाग प्रमुख विजय बस्नेतले गरेका थिए।

# फाल्गुनन्दमा चुनावी रौनक

□ युद्धबहादुर बोहोरा

**पाँचथर, कात्तिक २७।** पाँचथर जिल्लाको फाल्गुनन्द गाउँपालिकामा आगामी मंसिर १४ गते हुने अध्यक्ष पदको उपनिर्वाचनलाई स्वतन्त्र र निष्पक्ष रुपमा सम्पन्न गर्न सर्वदलीय र सर्वपक्षीय छलफल सम्पन्न भएको छ।

मंसिर १४ हुने उपनिर्वाचनलाई निर्वाचन आयोगले निर्धारण गरेको कार्यक्रम अन्तर्गत उम्मेदवारी मनोनयन दर्ता, निर्वाचन आचार संहिता र प्रचारप्रसार सम्बन्धमा निर्वाचन अधिकृतको कार्यालय फाल्गुनन्द गाउँपालिकामा भएको सर्वदलीय बैठकले उम्मेदवारी दर्ता गराउन विहान १० बजे शुरु भई अपरान्ह १ बजेसम्म आधा-आधा घण्टाको फरकमा दलहरुले उम्मेदवारी दर्ता गर्ने व्यवस्थापन मिलाएको हो।

नेपाल कम्युनिष्ट पार्टीको तर्फबाट उम्मेदवारी मनोनयन शुरु गरेर नेपाली कांग्रेस, समाजवादी पार्टी नेपाल, राष्ट्रिय प्रजातन्त्र पार्टी, राष्ट्रिय प्रजातन्त्र संयुक्त, राष्ट्रिय जनमुक्ति पार्टी, संयुक्त लोकतान्त्रिक राष्ट्रिय मञ्च र अन्य पार्टी तथा स्वतन्त्र उम्मेदवारीको लागि अन्तिम समयमा दर्ता गर्न पाइने बैठकले निर्णय गरेको छ। सोही दलहरु र सरोकारवालाको सहभागितामा उम्मेदवारी दर्ताको समय तोकिएको निर्वाचन अधिकृतको कार्यालयले जनाएको छ।

त्यस्तै राजनीतिक दलहरुले स्वच्छ ढंगबाट आचार संहिताको अनुसरण गर्ने उल्लेख भएको नियम अनुसार मंसिर ११ गते राति १२ बजे सम्म प्रचार-प्रसार गर्ने, मौन अवधिको समयलाई उल्लंघन नगर्ने लगायतका निर्णयलाई पालना गर्ने बैठकमा सहभागी दल र सरोकारवालाले प्रतिबद्धता जनाएका छन्। त्यस्तै निर्वाचनका दिन मेची राजमार्ग बाहेक यस पालिकाभित्रका अन्य शाखा सडकहरुमा सवारी आवत-जावत बन्द रहने समेत बैठकले निर्याय गरेको छ।

त्यस्तै चुनावी आमसभा, प्रचार-प्रसारको मिति, स्थान र समय तय गर्दा अन्य दलहरुसँग समन्वय गरी अन्य दललाई हस्तक्षेप र प्रतिकूल असर नहुने गरी सौहाद्रपूर्ण ढंगबाट कार्यक्रम गर्नुपर्नेछ। प्रचलित नियम अनुसार स्थानीय सुरक्षा निकायलाई जानकारी गराएर मात्रै कार्यक्रम आयोजना गर्नुपर्ने निर्णय गरिएको निर्वाचन आयोगको कार्यालयले जानकारी दिएको छ।

बैठकको अध्यक्षता निर्वाचन अधिकृत नवराज दुलालले गरेका थिए भने गाउँपालिका कार्यवाहक अध्यक्ष देवित्राकुमारी आङ्देम्बेको प्रमुख आतिथ्य रहेको थियो। कार्यक्रममा प्रमुख अतिथि आङ्देम्बेले यस पालिकाका बासिन्दा, मतदाता, सुरक्षा संयन्त्र, निर्वाचन अधिकृतको टोली तथा राजनीतिक दललाई उपनिर्वाचन सम्पन्न गर्न सबै सहयोगको आवश्यकता रहेको बताइन्।

उनले भनिन्- 'मैले नै जित्नै पर्छ भन्ने हिसाबले निर्वाचन आयोगले लागू गरेको आचारसंहिता मिचेर कार्यक्रम नगर्नुहोस्' फाल्गुनन्द गाउँपालिकाको इज्जत रहने र शुभ समाचारको सन्देश फैलिने किसिमको पाइला चाल्न उनले सबै दललाई अनुरोध गरिन्।

फाल्गुनन्द गाउँपालिकामा जम्मा १६ हजार पाँच सय ७७ जना मतदाता रहेको यस पाँलिकाको निर्वाचनमा १३ स्थलका २३ वटा मतदान केन्द्र रहेको अधिकृत दुलालले जानकारी दिए। देशभर ३७ जिल्लाका ५२ स्थानमा उपनिर्वाचन हुँदैछ। दुई सय ४७ मतदान स्थलका पाँच सय ३७ केन्द्र छन् भने चार लाख ५४ हजार एक सय १४ मतदाताले मतदान गर्ने छन्।

# सलकपुरमा केराको परिकार

**इलाम, कात्तिक २७।** रोजगारी खोज्दै दैनिक हजारौ युवा बिदेशी रहेको बेलामा गाउँमा नै सामान्य व्यवसाय गरेर स्वरोजगार बन्ने थुप्रै सम्भावना देखिएको छ।

हरेक दिन ठूलो काम र महत्वकांक्षी बिचार बोकेर युवाहरु भौतारी रहँदा रोङ गाउँपालिका वडा नं. ६ सलकपुरका युवा याम अधिकारीले गाउँमा नै केराको परिकार बनाएर बिक्री गर्न थालेका छन्। केराको परिकार बनाएर बिक्री गर्न थालेपछि सलकपुरमा पर्यटकहरुको चाप बढेको छ भने उनको व्यापार पनि फष्टाएको छ।

गत बर्ष मात्रै गाउँपालिकाको सहयोगमा कैलालीको टीकापुरमा केराको परिकार बनाउने सात दिने तालिम लिएर फर्किएका अधिकारीले अहिले केराको परिकार बिक्री गर्न केरा कटेज नै सञ्चालनमा ल्याएका छन्। केरा कटेजमा केराको जुस, ब्राण्डी, निम्की, चिप्स, बनाना चिल्ली, मिटबल, समोसा केराको खिर लगायतको परिकार उपलब्ध हुने अधिकारीले बताए।

सस्तो, ताजा र नयाँ परिकार पाउन थालेपछि त्यहाँ आउने ग्राहकहरुको संख्यामा वृद्धि भएको छ। हरेक आइतबार भारतीय पर्यटकहरुको भीड रहने सलकपुरमा अहिले प्रायः सबै बारहरुमा आन्तरिक पर्यटकहरुको संख्या बढ्न थालेको छ। नजिकको गाजले र गुर्धुम डाँडाबाट सूर्योदयको दुश्यावलोकन समेत देखिने भएको कारण सलकपुरमा बास बस्दै आउने पर्यटकहरुको सुबिधाको लागि होमस्टेको ब्यवस्था रहेको होमस्टे सञ्चालक लक्ष्मी मोक्तानले बताए।

# जन्मदिनमा वृद्धवृद्धालाई खाद्यान्न सामग्री



**बिर्तामोड, कात्तिक २७।** छठ समाज सेवा समिति बिर्तामोडले परोपकार तथा अनुसन्धान केन्द्रद्वारा सञ्चालित बृद्धाश्रममा रहेका वृद्धवृद्धाहरुलाई खाद्यान्न सामग्री प्रदान गरेको छ।

छठ समाज सेवा समिति बिर्तामोडका कार्यसमिति सदस्य तथा सञ्जय लेडिज कर्नरका सञ्चालक सञ्जय चौधरीको जन्मदिनको अवसरमा आयोजित कार्यक्रममा वृद्धवृद्धाहरुलाई खाद्यान्न सामग्री प्रदान गरिएको हो।

छठ समाज सेवा समिति बिर्तामोडका अध्यक्ष घनश्याम चौधरीको अध्यक्षता तथा नेपाल चिकित्सक संघ मेचीका अध्यक्ष डा. सिपी यादवको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा कार्यक्रम संयोजक सञ्जय चौधरीले स्वागत गरेका थिए।

कार्यक्रममा बिर्तामोड नगरपालिका कार्यपालिका सदस्य द्रौपदी गणेश, बिर्तामोड उद्योग वाणिज्य संघका नारायण चिमरिया, बिर्तामोड राउण्ड टेवलका सञ्जिव घिमिरे, संस्थाका पूर्व अध्यक्ष देवेन्द्रकुमार सिंह लगायतले जन्मदिनमा गरिने फजुल खर्चले सामाजिक कार्य गरेकोमा सञ्जय तथा संस्थालाई शुभकामना मन्तव्य राखेका थिए। उक्त सामग्री वृद्धाश्रमका अध्यक्ष विक्रम मादेनलाई हस्तान्तरण गरिएको थियो।

कार्यक्रममा छठ समाज सेवा समितिका पूर्व अध्यक्षहरु प्रेमचन्द चौधरी, शत्रुघन चौधरी, महिला मञ्चकी अध्यक्ष हेमलत्ता चौधरी लगायतको आतिथ्य रहेको थियो। वृद्धवृद्धाहरुलाई खाना खुवाइएको कार्यक्रमको सञ्चालन संस्थाका सचिव शत्रुघन रौनियरले गरेका थिए।


वाथ एक अटो इम्युन रोग हो।
समयमा उपचार गर्नाले वाथ रोग नियन्त्रण गर्न सकिन्छ।
वाथका लक्षणहरू:
जानकारीको लागि सर्म्पक नं:- ९८११३३५६२४
१) साना तथा ठूला जोर्नीहरु दुख्ने, सुन्निने, कक्रक पर्ने।
२) आरामको समयमा ढाड र जोर्नी बढी दुख्ने।
३) विहानको समयमा शरीर अरठ्ठ हुने।
४) मांसपेशीहरु दुख्ने, गल्ने।
५) थकाई बढी लाग्ने।
६) बारम्बार गर्भधारणमा समस्या आउने।
७) घाममा अनुहार बढी रातो हुने वा पोल्ने।
८) कपाल बढि झर्ने।
९) मुख भित्र बारम्बार घाउ आउने।
१०) चिसोमा औंलाहरु निलो, सेतो हुने।
११) बारम्बार घाउहरु आइरहने।
१२) खुट्टाको बुढी औंला वरिपरि रातो भएर दुख्ने।
१३) कुर्कुच्चा पोल्ने, दुख्ने।
१४) मांसपेशी कमजोर हुने।
१५) खकारमा रगत देखा पर्ने।
१६) लामो समयसम्म ज्वरो आउने।
१७) आँखा बारम्बार रातो हुने।
वरिष्ठ वाथ रोग विशेषज्ञ डा.अभिलाशा शाह
MBBS,MD (Internal medicine)
Fellowship in Reheumetology & Clinical Immunology (New Delhi India)
यस पटक यही मंसिर ६ र ७ गते शुक्रबार र शनिबार नर्भिक हस्पिटल काठमाण्डौबाट आउँदै हुनुहुन्छ अग्रीम नाम दर्ता गर्नुहोस्
कन्काई हस्पिटल प्रा.लि.
KANKAI HOSPITAL PVT.LTD
बिर्तामोड, झापा फोन नं. ०२३-५४३८०७
"विशेषज्ञ सेवा हाम्रो प्रतिवद्धता सबैको पहुँचमा हाम्रो स्वास्थ्य सेवा"

कोरियन भाषा
हाम्रा बिशेषताहरु
한국어
PBT, CBT, Student Visa का कक्षाहरु सञ्चालन।
न्युन शुल्कमा डबल कक्षा तथा ग्रुपलाई विशेष छुट।
AC युक्त Waiting Hall, Exam Hall भएको।
Skill Test को तयारी कक्षा उच्च स्तरीय सामाग्रीबाट गराइने।
Course Book तथा शिक्षण सामाग्री नि : शुल्क वितरण गरिने।
स्तरीय कोरियन Listening Grammar को अध्यापन गराइने।
प्रत्येक हप्ता टेष्ट, Audio, Video प्रोजेक्टरबाट कक्षा सञ्चालन हुने।
5000 Model Question को अभ्यास तथा Guarantee कक्षा गराइने।
टाढाबाट आउने तथा पुराना विद्यार्थीलाई विशेष छुटको व्यवस्था गरिने।
जापनीज भाषाका N5 & N4 का कक्षाहरु पनि विशेष छुटमा गराइने।
Rupjyoti Institute Pvt. Ltd.
Birtamod - 5, Jhapa Opposite to Kankai Hospital, Near Hotal Heaven
E-mail:- rklebtm@gmail.com
Facebook :-www.facebook.com/rupjyotikorean
प्रो. अर्जुन बोहोरा
Tel : 023-546692 | 9814999326 | 9806090399

झापाको बिर्तामोडदेखि इलामको रविसम्मको दैनिक आरामदायी यात्राको लागि हामीलाई सम्झनुहोस्।
दानावारी, महमाई, लारुम्बा, रविसम्म गाडी छुट्ने समयः
बिहान : ७:३० , ८ :३० , ९ :१५ , १० :१५ , ११ :१५ , १२ :१५ ,
बेलुका : ०२:१५ दानाबारीसम्म। ०२:४५ सानो वर्दुसम्म।
बिर्तामोडबाट रविसम्म जाने गाडी नम्बरहरु :
मे १ ज ५६४, मे १ ज १७९९, मे १ ज ५४६, मे १ ज ६२५, मे १ ज ३०७
काउण्टर इन्चार्ज सम्पर्क नम्वरहरु :
बिर्तामोडबाट दानावारी : ९८४२६२३१५२ सीताराम आचार्य (काका)
बिर्तामोडबाट रवि : ९८१५९९०३४४ वीरेन्द्र राई

पाथीभरा सिने प्लाजा बिर्तामोडमा चलिरहेछ
(हल ए) नेपाली सिनेमा
पहिलो शो ११:४५ घामड शेरे
दोस्रो शो २:४५ घामड शेरे
तेस्रो शो ६:४५ घामड शेरे
(हल बी) हिन्दी सिनेमा
पहिलो शो ११:४५ बाला
दोस्रो शो २:४५ बाला
तेस्रो शो ६:४५ बाला







बुकिङ्ग गरेको टिकट एक घण्टापछि स्वतः क्यान्सिल हुनेछ।
फोन नं. ०२३-५४६४३६

हाडजोर्नी तथा नसाका समस्याहरूको सफल उपचार
पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार।
जाँच तथा उपचार हुने समस्याहरु
- गर्धन, ढाड, कम्मर दुख्ने, डिस्स प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
- शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
- प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ।
- प्लाराइसीस भएका तथा हिड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ।
स्पार्क पूर्वाञ्चल अस्पताल, कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा (फोन : ०२३-५४०१२३, ९८०३१५४६१९)

बिना अपरेशन सफल उपचार
दक्ष एवम् अनुभवी डाक्टरहरुद्वारा दैनिक चेकजाँच तथा सफल उपचार।
उपचार हुने समस्याहरु :
- कम्मर, गर्दन दुख्ने, घुडा दुख्ने, नशा च्यापिएको, शरीर झम्झमाउने
- थाइराइड, कोलेस्ट्रोल, ग्याष्ट्रिक, कब्जियत
- पायल्स, फिसर, फिस्टुला, पिनास, सुगर, प्रेसर
- खोकी, जण्डिस, छातीको दाग, मृगौलाको पत्थरी, एलर्जी, डण्डीफोर
- महिला तथा पुरुषका गुप्त रोगहरु, माइग्रेन, अनिद्रा, प्रोस्टेट
- बाथ युरिक एसिड, कुम जाम भएको
- प्यारालाइसिस, मुख बाङ्गिएको आदि।





बिर्ता आयुर्वेद एण्ड फिजियोथेरापी सेन्टर
(अष्टाङ्ग आयुर्वेद फार्मेसी) अदुवा खोला पुल पश्चिम हाइवेको दक्षिण पट्टी बिर्तामोड-४, झापा
फोन न ०२३-५४१४६६/९८०६०००३१३/९८४२७१६५८८


## वर्गीकृत विज्ञापन


सेफ्टी ट्याङ्की तथा ढल सफाई
अत्याधुनिक ट्र्वो (Trabo) प्रविधि सिस्टमको ठूलो ट्याकीबाट सस्तोमा दुगर्न्धरहित हजुरहरुको सेफ्टी ट्यांकी सरसफाई गर्नु परेमा हामीलाई सम्झनुहोस्।
'चट्ट फोट झट्ट सेवा'





सम्पर्कः ०२३-५५०६२०
९८४२६५५७००, ९८०४९३८१००,
९८०७९३०७४०, ९८१७९२९३९४

साझा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई
झापामै पहिलोपटक भ्याकुम सिष्टमको ठूलो र सस्तो ढल तथा सेफ्टी ट्याङ्की सरसफाईको लागि हामीलाई सम्झनुहोस्।





सम्पर्कः ९८१४९९३७१२, ९८६२६४८२८२
९८४२६७७८५५, ९८२४९८११७४

गिटी बालुवा चाहिएमा
झापामै पहिलोपटक अत्याधुनिक मेशिन र प्रविधिबाट प्रशोधन गरिएको निर्माण सामग्रीहरु बालुवा, गिटी, सिल्कन, वेश आदि चाहिएमा तु-सम्पर्क गर्नुहोला।
फोनः ९८४२६५४४००
९८०४९५४४००

आवश्यकता
सेक्युरिटी गार्डः- ४० जना (महिला/पुरुष)
यहाँ निःशुल्क सेक्युरिटी ट्रेनिङ गराइन्छ।
सेभेन स्टार सेक्यरिटी सर्भिस प्रा.लि. बिर्तामोड भद्रपुररोड
फोनः ०२३-५४३००३/५४६६१४,
९८०१४१६८४०, ९८०१४१६८४१, ९८५२६७३९५५

आवश्यकता
शिक्षक : २ जना
(सोसियल+होस्टल शिक्षक खानाबस्न छ)
कुक : १ जना वेटर : ५ जना
लेखापाल : १ जना (अनुभवी)
महिला इन्चार्ज : १ जना (३० वर्ष पुगेको)
पिनाकल जब्स केयर सर्भिस, बिर्तामोड, झापा
९८१४९०४७६४, ०२३-५४४६६०

पसल बिक्रीमा
बिर्तामोडको सैनिकमोडस्थित एक चालू अवस्थाको होटल तु-बिक्रीमा छ। इच्छुकले चाडो सम्पर्क गर्नु होला।
सम्पर्कः ९८७४९३४८३४,
९८०६०३३१५३, ९८२३७५८५७०

जग्गा बिक्रीमा
अटोल्याण्ड बुट्टाबारीमा अत्यन्त सस्तो मूल्यमा प्लानिङ्ग गर्न नपर्ने छ कठ्ठा जग्गा बिक्रीमा छ। इच्छुकले तु-सम्पर्क गर्नुहोला।
सम्पर्कः ९८१८१७१९१२

कर्मचारी आवश्यकता
कुक : ४ जना वेटर : ५ जना
घरमा काम गर्ने : ५ जना
(महिला, फिदिम, इलाम, काठमाडौंका लागि)
मार्केटिङ मेनेजर : १ जना
(वाइक र लाइसेन्स भएको बिर्तामोडबासी हुनुपर्नेछ)
किचन हेल्पर : २ जना (इलामको लागि)
वेटर : ३ जना (महिला बिर्तामोडको लागि)
सेल्समेन : २ जना (काममा अनुभव भएको)
नेपाल जब्स केयर सर्भिस प्रा.लि.
अतिथि सदनको पश्चिमपट्टी जेसीज भवन पछाडि, फोन : ०२३-५४६६८३
मो.: ९८२५९८७९००

छापाखाना
बिभिन्न किसिमको विवाह कार्ड उपलब्ध छ
फोटोकपि
स्टाम (छाप)
अफसेट प्रिन्ट
स्क्रीन प्रिन्ट
फ्लेक्स प्रिन्ट
होर्डिङ्ग बोर्ड
लेमिनेशन
डिजिटल प्रिन्ट
घिमिरे अफसेट प्रेस बिर्तामोडमा

कर्मचारी आवश्यकता
एक प्रतिष्ठित होटलका लागि निम्नानुसारका कर्मचारी आवश्यक परेको हुँदा इच्छुकले तु-सम्पर्क गर्नुहोला।
कुक, वेटर, रुमब्वाईः केही
मो. ९८५२६६३२७७
मेचीनगर-६, काँकरभिट्टा, झापा


## हिजोको सूनचाँदीको भाउ

छापावाला सुन : ७०,४००/-
तेजावी सुन : ७०,१००/-
असल चाँदी : ८५०/-



ज्यो. मधुसूदन रिजाल (स्वर्णपदक विजेता)
वैदिक ज्योतिष परामर्श केन्द्र
शनिश्चरे रोड, बिर्तामोड (९८४२०५७४९९)

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -** हिम्मत गर्दा जटिल काम समेत सम्पादन हुनेछ। पुरुषार्थद्वारा प्रतिस्पर्धीहरूलाई पछि पार्न सकिनेछ। शत्रुपक्ष पराजीत होलान्।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो) -** पहिले दुश्मनी गर्नेहरूले पनि मित्रताका हात अघि बढाउनेछन्। अवसरवादीहरूबाट अलि सजग रहनुहोला।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -** मेहनत गर्दा अप्ठ्यारो काम समेत सम्पादन हुनेछ। काम पूरा नभए पनि आंशिक लाभ अवश्य हुनेछ। प्रतिस्पर्धाले नयाँ अवसर दिलाउन सक्छ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -** सुखद् समाचारले दिन उत्साहपूर्ण रहनेछ। बौद्धिक क्षेत्र फराकिलो बन्नेछ र लेखन कलामा निखारता आउनेछ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) -** अध्ययनका लागि भ्रमणको मौका जुट्न सक्छ। प्रतिष्ठित काम गर्ने अवसर प्राप्त हुनेछ। व्यापारमा सामान्य फाइदा होला।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) -** पशुपालन र कृषि क्षेत्रबाट राम्रो लाभ हुनेछ। रोकिएका काम बन्नाले नयाँ कामतर्फ अग्रसर भइनेछ।

**तुला (र, रि, रू, रे, रो, ता, ति, तु, ते) -** परिस्थिति अनुसार चल्न नसक्द दुःख पाइनेछ। विश्वासपात्रबाट धोका हुन सक्छ, सजग रहनुहोला। निर्णय लिएर पनि शंका गर्ने बानीले पछि परिनेछ।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -** महत्वाकांक्षी योजना कार्यान्वयनमा आफ्नैले बाधा पुर्याउन सक्छन्। बेसुरमा दिइएको वचनले अप्ठ्यारो पर्नेछ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) -** अरूको फाइदाका लागि उपयोग भइने सम्भावना छ। मान्यजनको मन जित्ने प्रयत्न गर्नुहोला। आफन्तले सहयोग देलान्।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) -** चिताएको काममा सोचे जस्तै सफलता मिल्नेछ। दाजुभाइमा आत्मीयता बढ्नेछ भने प्रेम र मित्रताको बन्धन समेत कसिलो हुनेछ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) -** व्यवसायको लगानीले मनग्गे धनलाभ हुनेछ। पहिलेको उपलब्धिले पनि उत्साह जगाउनेछ। आलस्य त्यागेर मेहनत गर्नुपर्ने समय छ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) -** प्रतिस्पर्धीहरूले समेत सहयोगका हात फैलाउनेछन्। नयाँ काम प्रारम्भ गर्ने समय छ।साझेदारी व्यवसायमा फाईदा होला।

# सहारा नेपालको रजत जयन्ती



**बिर्तामोड, कात्तिक २७।** झापाको बिर्तामोड-२ चारपानेस्थित सहारा नेपालले रजत जयन्ती विविध कार्यक्रमकाबीच मनाउने भएको छ ।

सहारा नेपालका अध्यक्ष भरतकुमार गिरीको अध्यक्षता तथा ह्याविट्याट फर ह्यूमानिटि नेपालकी राष्ट्रिय निर्देशक कृष्टी स्टिकनीको प्रमुख आतिथ्यमा कार्यक्रम भएको थियो ।

कार्यक्रममा ह्याविटाट फर ह्यूमानिटि नेपालकी राष्ट्रिय निर्देशक कृष्टी स्टिकनीले सहारा नेपालले दर्शाएको आतिथ्यप्रति आभारी रहेको बताउँदै सहारा एक भरपर्दो साझेदार संस्था रहेको बताइन् ।

उनले सहारा नेपालसंगको सहकार्य अझ प्रगाढ रहि सुरक्षित आवास तथा जोखिम न्यूनीकरणमा उल्लेख्य उपल्ब्धी हासिल गर्नका लागि सहकार्य जारी रहने बताइन् ।

ह्याविट्याट लिगेसी बिल्ड सबैलाई सुरक्षित आवास उपलब्ध गराउने साझा उद्देश्यप्रति योगदान गर्न बिश्वभर रहेका ह्याविटाट फर ह्युमानिटीको साझा थलो रहेको उनले बताइन् ।

कार्यक्रममा सहारा नेपालका अध्यक्ष भरतकुमार गिरीले रजत जयन्तीको उत्साहलाई सहारा नेपालको भावि यात्राको रुपमा बुझ्नु जरुरी रहेको बताए । सहारा नेपालले जनस्वास्थ्य तथा सरसफाई, बित्तिय पहुँच, बिपद् जोखिम न्यूनीकरण, खानेपानी, ऊर्जा, सुरक्षित आवास जस्ता सान्दर्भिक महत्वपूर्ण र सघन बिषयगत क्षेत्रमा गरीव, निमुखा, बिपन्न, सीमान्तकृत, महिलालाई मध्यनजर गर्दै आफ्ना सेवाहरु प्रवाह गर्दै आइरहेको कार्यक्रममा जानकारी दिइयो । बिगत १५ बर्षदेखि सहारा नेपालले ह्याविटाट फर ह्यूमानिटीसँग सहकार्य गर्दै आएको सहारा नेपालले भौगोलिक रुपमा ३६ जिल्लामा आफ्नो सेवा बिस्तार गरी ६० भन्दा बढी परियोजनाहरु सम्पन्न गरेको र लाभान्वितत समुदायको अपेक्षित जीवन स्तर सुधार्न केन्द्रित रही काम गर्ने शिलसिलामा बिभिन्न बिकास साझेदारहरुसँग सहकार्य गर्दै आईरहेको बताइएको छ ।

पछिल्लो समयमा विपन्न वर्गलाई आवास योजनामा काम गरिरहेको सहारा नेपालले बिभिन्न मुलुकबाट आएका बिदेशी सहयोगी संस्थाका प्रतिनिधि, स्थानीय तहका प्रमुख र प्रशासनिक क्षेत्रका ब्यक्तित्व सम्मिलित कार्यक्रममा यस्तो अवधारणा राख्दै आगामी दिनमा संस्थालाई सरकारी निकायसँग सहकार्य गरेर अगाडि बढ्ने प्रतिबद्धता व्यक्त गरेको छ ।

कार्यक्रममा सहारा नेपालका अध्यक्ष भरतकुमार गिरी, सचिब महेन्द्रकुमार गिरी लगायतले संस्थाले लिएको नीतिका बारेमा प्रकाश पारेका थिए । सो कार्यक्रममा बिशेषगरि सहयोगी संस्था ह्याबीट्याट फर ह्युमानिटीका तर्फबाट आएका २० भन्दा बढी बिदेशी पाहुनाहरु र नगरपालिका र गाउँ पालिकाका प्रमुखहरुको सहभागिता रहेको थियो ।

कार्यक्रमको सञ्चालन संस्थाका कर्मचारी किशोर कार्कीले गरेका थिए ।

## रामजानकीको ११औं सभा




**बिर्तामोड, कात्तिक २७।** रामजानकी कृषि सहकारी संस्था बिर्तामोडको ११औं बार्षिक साधारणसभा सम्पन्न भएको छ ।

संस्थाका अध्यक्ष दलबहादुर कार्कीको अध्यक्षता तथा झापा जिल्ला सहकारी संघका सचिव युवराज ढकालको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा संस्थाकी कर्मचारी तारा उप्रेतीले स्वागत गरेकी थिइन् ।

कार्यक्रममा तारा नमस्ते बालआश्रमका अध्यक्ष नारायणप्रसाद पोखरेल, सिम्रिक बचत तथा ऋण सहकारी संस्थाका अध्यक्ष कमलबहादुर बस्नेत, सुनकोशी बचत तथा ऋण सहकारी संस्थाका कार्यकारी प्रमुख कमल पराजुली लगायतले शुभकामना मन्तव्य राखेका थिए ।

कार्यक्रममा संस्थाका अध्यक्ष दलबहादुर कार्कीले बार्षिक प्रतिवेदन प्रस्तुत गरेका थिए । संस्थाको शेयर पुँजी एक करोड ३९ हजार ५ सय, कूल आम्दानी २ करोड १० लाख ७० हजार ९ सय ९२ रुपैयाँ, खर्च १ करोड ९८ लाख ३५ हजार ९ सय ५६ रुपैयाँ रहेको प्रतिवेदनमा उल्लेख छ । संस्थाले ७ करोड ५२ लाख ३२ हजार ५ सय ५९ रुपैयाँ बचत तथा निक्षेप संकलन गरेको छ भने ९ करोड ८५ लाख एक हजार ५ सय ५० रुपैयाँ ऋण लगानी गरेको प्रतिवेदनमा उल्लेख छ ।

सोही अवधिमा संस्थाले १२ लाख ३५ हजार ३६ रुपैयाँ नाफा समेत गरेको छ । कार्यक्रममा संस्थाले ज्येष्ठ नागरिकतर्फ रत्नमाया दाहाल र भीमप्रसाद वराल, अपाङ्गतातर्फ चन्द्रकला लिम्बू र गीता गणेश, उत्कृष्ट बचतकर्तातर्फ पर्शुराम बिराजी यादव र रिता गुरङ, उत्कृष्ट ऋणितर्फ दुर्गामाया प्रसाई र बिमलादेवी निरौलालाई नगदसहित सम्मान गरेको छ ।

त्यस्तै छात्रवृत्तितर्फ सुस्मिता यादव र खुशी राजवंशी, कर्मचारीतर्फ लक्ष्मी राई, देवीप्रसाद तिम्सिना, सोमनाथ बास्तोला र नवीना खातुनलाई नगदसहित सम्मान गरेको थियो ।

सोही कार्यक्रममा बिर्तामोडको तारा नमस्ते बालआश्रमका १३ जना वालवालिकालाई शैक्षिक सामग्री प्रदान गरिएको थियो भने संस्थाले उत्कृष्ट सहकारीकर्मीका रुपमा सिम्रिक बचत तथा ऋण सहकारी संस्था बिर्तामोडका अध्यक्ष कमलबहादुर बस्नेतलाई सम्मान गरेको थियो ।

कार्यक्रममा संस्थाका व्यवस्थापक शुत्रराज भण्डारीले बार्षिक नीति तथा कार्यक्रमसहित बजेट प्रतिवेदन र लेखा समितिका संयोजक ज्ञानेन्द्रप्रसाद पोखरेलले लेखा समितिको प्रतिवेदन प्रस्तुत गरेका थिए । कार्यक्रमको सञ्चालन संस्थाका उपाध्यक्ष भीमबहादुर थापाले गरेका थिए ।

# हराएको एक लाख फिर्ता



**बिर्तामोड, कात्तिक २७।** इलामको माइ नगरपालिका-५का एक ब्यक्तिको हराएको रकम प्रहरीले फेला परेर सम्बन्धित धनीलाई हस्तान्तरण गरेको छ ।

माई नगरपालिका-५का ५० वर्षीय अनुप बहादुर वस्नेतले मंगलबार बिर्तामोड नगरपालिका-५ सुगम पेट्रोलपम्पदेखि पश्चिम बस स्टेशनसम्म पुगेर ओर्लदा नम्वर नखुलेको सिटी सफारीमा नगद रु. १ लाख र महत्वपूर्ण कागजपत्र रहेको कालो व्याग छुटेको भन्ने जानकारी आएसँगै प्रहरीले खोजी कार्य तीब्र बताएको थियो ।

प्रहरीले जानकारी पाए लगत्तै सीसी क्यामरा फुटेजको मध्यमबाट मे १ह ६४७७ नम्बरको सिटी सफारीमा बस्नेतले झोला छाडेको देखिएको थियो । उक्त टेम्पोलाई प्रहरीले निगरानी गरी बस्नेतको नगदसहितको झोला फेला पारेर बुधबार हस्तान्तरण गरेको इलाका प्रहरी कार्यालय बिर्तामोडमा प्रहरी नायब उपरीक्षक मोहनकुमार थापाले जानकारी दिए ।

सिसि क्यामेराको माध्यमबाट हराएको नगदसहितको झोला फेला पार्न सहज भएको प्रहरीको भनाई छ । आफ्नो झोलासहितको नगद फेला पारेर हस्तान्तरण गरिदिएको भन्दै बस्नेतले प्रहरीलाई धन्यवाद दिएका छन् ।

# कनकाईमा योग शिविर

**सुरुङ्गा, कात्तिक २७।** कनकाई नगरलाई योगमय बनाउने उद्देश्यले कनकाईको वडा नं. ५स्थित देवकोटा प्राथमिक विद्यालयमा पाँच दिने योग विज्ञान शिविर संचालन भएको छ ।

'गरौं योग, रहौं निरोग' भन्ने नारालाई अघि सार्दै पताञ्जली योग नगर समिति कनकाईले नगरका सवै वडामा योग अभ्यास सञ्चालन गर्दै आएको छ । सोमवारदेखि सञ्चालन भइरहेको योग विज्ञान शिविरमा स्थानीयवासीको उल्लेख्य सहभागिता रहेको पताञ्जली योग नगर समिति कनकाईका अध्यक्ष टीकाप्रसाद कट्टेलले वताएका छन् ।

बोटविरुवामा भएको अत्यधिक विषादिको प्रयोग साथै अव्यवस्थित खानपानका कारण दिनप्रतिदिन वातावरण दुषित बन्दै गएको र यसरी अस्वस्थ बन्दै गएको मानव समुदायमा पछिल्लो समय क्यान्सर लगायत विभिन्न किसिमका बिरामीको संख्या बढ्दै गएकाले यसको विकल्प स्वस्थ खानपान र व्यायाम मात्र भएकाले नियमित योगअभ्यासमा ध्यान दिनुपर्ने कनकाई नगरका प्रमुख राजेन्द्र पोखरेलले बताएका छन् ।

कार्यक्रमका प्रमुख अतिथि समेत रहेका नगर प्रमुख पोखरेलले नगरका हरेक टोल टोलमा क्यान्सरका विरामीको संख्या बढ्न थालेपछि मानव स्वास्थ्य दिनप्रतिदिन दयनीय बन्दै गएकोमा दुःख व्यक्त गरेका छन् । नगरप्रमुख पोखरेलले स्वास्थ्य समस्याको न्यूनीकरणका लागि नगरवासीलाई खानपान र योगअभ्यासमा विशेष ध्यान दिन अनुरोध गरेका छन् ।

पताञ्जली योग कनकाई नगर समितिका अध्यक्ष टीकाप्रसाद कट्टेलको अध्यक्षता रहेको योग विज्ञान शिविरको संयोजन कनकाई नगर वडा नं. ५ले गरेको कार्यक्रम संयोजक पुण्यप्रसाद ओझाले बताएका छन् । योग शिविर सम्पन्न गर्न देवकोटा प्राथमिक विद्यालयका शिक्षक उमानाथ तिम्सिनाको संयोजकत्वमा संयोजन समिति गठन गरिएको बताइएको छ ।

पताञ्जली योग नगर समिति कनकाईका अध्यक्ष कट्टेलको सभापतित्व रहेको शिविरको पहिलो दिन योग समिति झापाका अध्यक्ष देवीप्रसाद घिमिरे, दोस्रो दिन जिल्ला समितिका सहमहामन्त्री रुद्र ओली, तेस्रो दिन योग समिति झापा गाउँपालिकाका अध्यक्ष भविन्द्र भण्डारी, चौथो दिन १ नं. प्रदेशका युवा प्रभारी वावुराम वस्नेत र पाँचौ दिन पतञ्जली योग १ नं. प्रदेशका महामन्त्री लक्ष्मी काफ्ले लगायतले सहजीकरण गर्ने बताइएको छ ।

कार्यक्रम संयोजक उमानाथ तिम्सिनाले स्वागत गरेको उद्घाटन कार्यक्रमको सञ्चालन योग समिति कनकाईका महासचिव रामप्रसाद निरौलाले गरेका थिए ।

## पोलेसी हरायो

खुदुनाबारीबाट बिर्तामोड आउने क्रममा यही मिति २०७६/०६/२० गते मेरो निम्न व्यहोराको एलाइसी लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडको पोलेसी हराएको हुँदा भेट्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु ।

**नाम**:- गृहलक्ष्मी आले मगर
**ठेगाना**:- खुदुनाबारी
हाल : अर्जुनधारा नपा–२
**पोलेसी नं.**:- ६००००५१६५
**कम्पनी नाम**: एलाइसी लाइफ इन्स्योरेन्स कम्पनी, नेपाल

## प्रेस विज्ञप्ति

*मिति: २०७६/०७/२८*

यस पूर्वाञ्चल राष्ट्रिय दैनिक पत्रिका बर्ष २४, अंक ३४६, पृष्ठ ३ मिति २०७६ कार्तिक २५ गते प्रकाशित मेला भर्न आएका कालीकोटेको मृत्यु भन्ने समचार प्रति हाम्रो गम्भीर ध्याना आर्कषण भएको छ । समाचारको अन्तिम लाइनमा प्रकाशित प्रशासनको अनुमति बिना मेला सञ्चालन भएको भन्ने समाचार प्रति हाम्रो असहमति रहेको छ । सो मेला नभई सानो परम्परागत कार्यक्रम भएकाले प्रशासनलाई जानकारी नभएको अवगत गराउँदछौं । हरिबोधनी एकादशीका दिन बर्षनि परम्परा अनुसार तिहारको लक्ष्मी पूजाबाट शुरु गरिएको देउसी नाचको समापन कार्यक्रम हुने परम्परा रहँदै आएकाले सो दिन पनि स्थानीय श्री युनिटी समाज सुधार समूह माई–५ समालटारले आफ्नो नाच बिर्सजन गर्न सो कार्यक्रम सञ्चालन गरेको अवगत गराउन चाहन्छौं । सो कार्यक्रमको समापनका लागि पत्राचार तथा फोन सम्पर्क मार्फत सामाजिक संस्था, स्थानीय बुद्धिजीवी, जनप्रतिनिधि लगायतको उपस्थितमा सम्पन्न गरेको सबैमा अवगत नै छ, गराउन चाहन्छौं । उक्त कार्यक्रम कुनै मेला नभएर परम्परागत देउसी नाच बिर्सजन कार्यक्रम भएकाले सो कार्यक्रममा के–कस्ता घटना भए, घटनाका कारण कस्तो अबस्था सिर्जना भयो भन्ने जानकारी हाम्रो संस्थालाई जानकारी नभएको अवगत गराउन चाहन्छौं । परम्परादेखि चली आएको कार्यलाई हामीले निरन्तरता दिएका हौं । यो कुनै मेला नभई स्थानीय देउसी नाचको समापन भएको ब्यहोरा स्थानीय सरकार, सरकारी कार्यालयहरु, स्थानीय संघ–संस्था, बुद्धिजीबी, नागरिक समाज, राजनीतिक दल र सबै सरोकारवालाहरुमा यो प्रेस विज्ञप्ती मार्फत जनकारी गराउँदछौं ।

**शुक्रराज राई : सचिव** **तिलबहादुर तामाङ : अध्यक्ष**

**श्री युनिटी समाज सुधार समूह**, माई–५ समालटार इलाम

## तुरुन्त आवश्यकता

अन्तर्राष्ट्रियस्तरको रियल स्टेट सेवा पुर्‍याउने उद्देश्यले स्थापना भएको मेची सम्बृद्धि स्टेट बिर्तामोडको लागि शाखा प्रबन्धक तथा बजार प्रतिनिधिहरुको तुरुन्त आवश्यकता भएकोले इच्छुकलाई सम्पर्क गर्नुहुन अनुरोध गर्दछौं ।

**हाम्रा सेवाहरुः**
- छिटो घरजग्गा खरिद विक्री र भाडामा लिन दिने ।
- उद्योग व्यवसाय खरिदविक्री र भाडामा लिन दिन ।
- घरको डिजाइन, डेकोरेशन तथा निर्माण सम्बन्धी परामर्श ।
- रियल स्टेट सम्बन्धी तालिम र परामर्श ।
- राजश्व,कर तथा भ्याट सम्बन्धी परामर्श ।

**मेची सम्बृद्धि रियल स्टेट**
**शनिश्चरे रोड–३, पाथीभरा टोल, बिर्तामोड–५, झापा**
**फोन नं. ०२३–५४४७३५, ९८६९४००२०८, ९८०३६९७५७५**

सेफ्टी ट्याङ्की सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला ।




## बिर्तामोड साना सहरी खानेपानी तथा सरसफाई उपभोक्ता संस्था
## निर्वाचन समितिको कार्यालय बिर्तामोड, झापाको
## मतदान हुने मिति संशोधन भएको सूचना

बिर्तामोड साना शहरी खानेपानी तथा सरसफाई उपभोक्ता संस्थाको विधान अनुसार हुने कार्यसमिति निर्वाचन प्रयोजनका लागि प्रथम पटम मिति २०७६/०७/०७ प्रकाशित निर्वाच्न कार्यक्रममा प्रकाशित भएको अन्य कार्यक्रमलाई यथावत राखी प्रकाशित मितिमा नै कार्यक्रम हुने र प्रथम पटक प्रकाशित मितिमा तोकिएको मतदान हुने मिति मात्र संशोधन गरी निम्न मिति र समयमा मतदान हुने भन्ने मिति २०७६/०७/२७ गतेको निर्वाच्न समितिको निर्णय भएको व्यहोरा सबै मतदाताहरुमा जानको लागि यो सूचना प्रकाशन गरिएको छ ।

**संशोधन भएको व्यहोरा**
**१) मतदान : २०७६ मंसिर १६ गते बिहान ८:०० बजेदेखि बेलुका ४:०० बजेसम्म**
**२) मतगणना : (रातिको समय बाहेक) २०७६/०८/१७ बिहान ९:०० बजेदेखि ।**

**टंक उप्रेती : निर्वाचन संयोजक**

## बिर्तामोड साना सहरी खानेपानी तथा सरसफाई उपभोक्ता संस्था
## निर्वाचन समितिको कार्यालय बिर्तामोड, झापाको सूचना

*प्रथमपटक प्रकाशित मिति २०७६/०७/०७*

बिर्तामोड साना सहरी खानेपानी तथा उपभोक्ता संस्थाको विधान अनुसार निर्वाचन समितिबाट तयार गरी सबै उपभोक्ताको जानकारीका लागि प्रकाशित कार्यसमिति निर्वाचन सम्बन्धी सूचना ।

**निर्वाचन कार्यक्रम**

| | | |
|---|---|---|
| १. | प्रथम मतदाता नामावली प्रकाशन | २०७६/८/३ गते बिहान ११:00 बजे. |
| २. | मतदाता नामावली माथि दाबी विरोध | २०७६/८/३ र ४ गते बेलुका ५:00 बजेसम्म |
| ३. | अन्तिम मतदाता नामावली प्रकाशन | २०७६/८/५ गते बिहान ११:00 बजे |
| ४. | मनोनयन (उम्मेदवारी) दर्ता | २०७६/८/७ बिहान ८:00 बजेदेखि २:00 बजेसम्म |
| ५. | उम्मेदवारको प्रथम नामावली प्रकाशन | २०७६/८/७ गते दिउँसो ३:00 बजे |
| ६. | उम्मेदवारको नामावली माथि दाबी विरोध | २०७६/८/८ गते दिउँसो १२:00 बजे |
| ७. | उम्मेदवारको दोस्रो नामावली प्रकाशन | २०७६/८/८ गते दिउँसो १:00 बजे |
| ८. | उम्मेदवारले नाम फिर्ता लिने | २०७६/८/८ गते २:00 बजेदेखि २०७६/८/९ गते २:00 बजेसम्म |
| ९. | उम्मेदवारको अन्तिम नामावली प्रकाशन | २०७६/८/९ गते ३:00 बजे |
| १०. | प्रचार प्रसार | २०७६/८/१०, ११, १२, १३ गते बेलुका ५:00 बजेसम्म |
| ११. | मतदान | २०७६/८/१६ गते बिहान ८:00 बजेदेखि बेलुका ४:00 बजेसम्म |
| १२. | मत गणना | (रातिको समय बाहेक) २०७६/८/१७ गते बिहान ९:00 बजेदेखि |
| १३. | घोषणा | मत गणना सकिएपछि |

**निर्वाचन समिति**

## कतारमा रोजगारको सुवर्ण अवसर

कम्पनी : **ELEGANCIA FM - QATAR**

पूर्व स्वीकृति मितिः २०७६/०३/०९ चलानी नं. ६०१४११४२ लट नं. २२१५२२

| पद | संख्या | तलब QR | खान/बस्न | ओटी | काम | करार |
|---|---|---|---|---|---|---|
| Female Cleaner Visa | ८० | १,०५०+OT | छ/छ | छ | ८ घण्टा २६ दिन | २ बर्ष |
| Female Cleaner Team Leader | १० | १,३००+OT | | | | |
| Female Cleaner Supervisor | ०५ | २,०००+OT | | | | |

अन्तरवार्ता यही मंसिर १ र २ गते बिर्तामोडमा हँदैछ ।

ELEGANCIA

**एडभान्स मेनेजमेन्ट ग्रुप**
सामाखुशी काठमाडौं- ०१-४३७४२१
बिर्तामोड सम्पर्कः ०२३–५४२३५७, ९८५२६८२३३१, ९८०७९६०९६६

## कतारमा रोजगारको अवसर

कम्पनी : **M.H,AL-MUFTAH EST, Qatar**

पूर्व स्वीकृति मितिः २०७५/०६/१४ लट नं. २१३५६४९

| क्र.सं. | पद | संख्या | तलब QR | तलब NR | खान/बस्न | ओटी | काम | करार |
|---|---|---|---|---|---|---|---|---|
| १. | Salesman | ५ | १५००।- | ४७,२५०।- | छ/छ | कनिअ | ८ घण्टा ६ दिन | २ बर्ष |
| २. | Mason | १२ | १५००।- | ४७,२५०।- | | | | |
| ३. | Plumber | १५ | १५००।- | ४७,२५०।- | | | | |
| ४. | F/Carpenter | १२ | १५००।- | ४७,२५०।- | | | | |
| ५. | Electrician | १२ | १५००।- | ४७,२५०।- | | | | |
| ६. | Wall Painter | १५ | १५००।- | ४७,२५०।- | | | | |
| ७. | Labours | ७० | १०००।- | ३१,५००।- | | | | |

यसै कम्पनीबाट **Light Driver, Heavy Driver, Tea boy, Office Boy, Cleaner & MEP Helpers** को पनि माग आएकोले निःशुल्क परामर्श गर्न सक्नुहुनेछ ।

**भाइटल इन्टरनेशन सर्भिस प्रा. लि.**
कुपण्डोल, ललितपुर
सम्पर्कः ९८५२६७४१३५, ९८०४९१३१९८

# सञ्जिवनीको वार्षिकोत्सवमा रक्तदान



**बिर्तामोड, कात्तिक २७।** झापाको बिर्तामोड-४ स्थित सञ्जिवनी बचत तथा ऋण सहकारी संस्थाको आयोजनामा रक्तदान कार्यक्रम सम्पन्न भएको छ ।

संस्थाको १२औं वार्षिकोत्सवको अवसरमा सामाजिक उत्तरदायित्व अन्तर्गत झापामा भइरहेको रगतको अभाव टार्न रक्तदान गरिएको सञ्जिवनी बचत तथा ऋण सहकारी संस्थाका अध्यक्ष यामकुमार चुडालले बताए । नेपाल रेडक्रस सोसाइटी बिर्तामोड उपशाखाको प्राविधिक सहयोगमा भएको कार्यक्रममा ४२ जनाले रक्तदान गरेका थिए ।

कार्यक्रममा व्यवसायी तथा रेडक्रसकर्मी ओमप्रकाश लुइँटेलले ६९औं पटक रक्तदान गरेका थिए भने संस्थाका अध्यक्ष चुडालले छैठौं पटक रक्तदान गरेका थिए । सञ्जिवनी बचत तथा ऋण सहकारी संस्थाका अध्यक्ष यामकुमार चुडालको अध्यक्षता तथा झापा जिल्ला सहकारी संघका सचिव युवराज ढकालको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा संस्थाका उपाध्यक्ष दिनेशकुमार सुवेदीले स्वागत गरेका थिए ।

समिट माइक्रोफाइनान्स वित्तीय संस्थाका अध्यक्ष तीर्थराज ढकाल लगायतले शुभकामना दिएको कार्यक्रमको सञ्चालन संस्थाका सचिव मेघराज वास्तोलाले गरेका थिए ।

# ज्येष्ठ नागरिकको तेस्रो सभा

**बुधबारे, कात्तिक २७।** बुद्धशान्ति- १ होक्सेस्थित ज्येष्ठ नागरिक तथा अपाङ्ग भेटघाट चौतारीको तेस्रो साधारणसभा सम्पन्न भएको छ । संस्थाका अध्यक्ष मोहनकुमार तिम्सिनाको अध्यक्षता र बुद्धशान्ति गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत इन्द्रप्रसाद चापागाईंको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा कोषाध्यक्ष देउकुमारी भट्टराईले स्वागत गरेकी थिइन् ।

कार्यक्रममा बुद्धशान्ति-१ का वडासदस्य टिकाप्रसाद धिमाल, कार्यपालिका सदस्य यमुना चापागाईं, खडानन्द वाग्ले, वसन्त तिम्सिना, नन्दकुमार तिम्सिना, बुद्धशान्ति मिडिया हाउसका अध्यक्ष चन्द्र कोइराला र ज्येष्ठ नागरिक तथा अपाङ्ग भेटघाट चौतारीका संस्थापक अध्यक्ष डेगनाथ सापकोटा, सञ्चारकर्मी टंक विकल्पले शुभकामना मन्तव्य राखेका थिए ।

अध्यक्ष तिम्सिनाले वार्षिक प्रगति प्रतिवेदन र सचिव टेकनाथ ढकालले आर्थिक प्रतिवेदन प्रस्तुत गरेका थिए । कार्यक्रममा ज्येष्ठ नागरिक औषधि उपचार अक्षयकोषमा वडा सदस्य टिकाप्रसाद धिमालले १० हजार, ज्येष्ठ नागरिकसँग बालबालिका कार्यक्रमका लागि सामाजिक मेलमिलाप वडा समिति सदस्य तुलसा रेग्मीले पाँच हजार, ज्येष्ठ नागरिक चियाखाजा शीर्षकमा जग्गादाता प्रह्लाद खड्काले पाँच हजार रुपैयाँ प्रदान गर्ने घोषणा गरेका थिए ।

कार्यक्रममा भावी कार्यक्रम अनुसार हरेक वर्ष फरक पुराण आयोजना गरी ज्येष्ठ नागरिकहरुलाई १८ वटै महापुराण श्रवण गराउने उद्देश्य अनुरूप यस वर्ष आगामी मंसिर अन्तिम सातामा विष्णु महापुराणको आयोजना गर्ने जानकारी दिइयो । कार्यक्रममा ज्येष्ठ नागरिक तिलकबहादुर खुलालद्वारा रचित स्वागत गीत ज्येष्ठ नागरिक गायन समूहका टंक वाग्ले, लक्ष्मीदेवी तिम्सिना, दुर्गादेवी मगर, बुद्धिमाया तामाङ, गङ्गाबहादुर भुजेलले गाएका थिए । कार्यक्रमको सञ्चालन सचिव टेकनाथ ढकाल र व्यवस्थापन उपाध्यक्ष हरिशरण कोइराला र सदस्य अम्बिका कट्टेलले गरेका थिए ।

# द भ्वाइस अफ नेपालमा झापाका तीन प्रतियोगी



राम लिम्बू

**बिर्तामोड, कात्तिक २७।** गायन प्रतिभाहरुको खोजी गर्ने उद्देश्यले हिमालय टेलिभिजनबाट प्रसारण भइरहेको रियालिटी सो 'द भ्वाइस अफ नेपाल सिजन २' को टप १२ मा झापाका तीन जना प्रतियोगी पर्न सफल भएका छन् ।

झापा बिर्तामोडका राम लिम्बू, गौरादहका बलबहादुर राजवंशी र अर्जुनधाराका विकास लिम्बू आफूलाई अब्बल सावित गर्दै लाईभ राउण्डको टप १२ मा पर्न सफल भएका हुन् । लाइभ राउण्ड अर्थात् भोटिङमा पुगेपछि झापाका यी तिन प्रतिस्पर्धीहरु आफ्नो राम्रो प्रस्तुति दिएर दर्शकको भोट आफुतिर तान्ने कसरत गरिरहेका छन् भने कोचहरु पनि आफ्नो टीमले ताज जितोस् भन्ने होडबाजीमा छन् । उनीहरुलाई प्रतियोगितामा विजयी बनाउन झापामा भोट गरिदिनको लागि अभियान नै सञ्चालन गरिएको छ ।



बलबहादुर राजवंशी

यसैबीच झापा बिर्तामोडका राम लिम्बूलाई प्रतियोगितामा विजयी बनाउन राम लिम्बू जिताऔं अभियान सञ्चालन गरिएको छ । कोच प्रमोद खरेलको समूहमा परेका उनी आफ्नो लोभलाग्दो गायन कलाले दर्शकको मन जित्दै टप १२ सम्म पर्न सफल भएका हुन् । विगत पाँच बर्षदेखि सांगीतिक क्षेत्रमा सक्रिय नेपालीसीयन ब्याण्डका भोकलिस्ट समेत रहेका उनी पूर्वबाट रियालिटी सोहरुमा सफलता पाउन नसकिरहेका अवस्थामा आफूले दर्शकको भरपुर साथ सहयोग पाउनेमा ढुक्क छन् ।

रामलाई जिताउनका लागि आशिष बुढाथोकीको संयोजकत्वमा राम लिम्बू जिताऔं अभियान समिति गठन गरिएको छ । समितिको सहसंयोजकमा अनिष सुवेदी, सचिवमा बाप्पा साह, कोषाध्यक्षमा सुमन गुरुङ रहेका छन् । त्यस्तै सदस्यहरुमा आकाश उप्रेती, भरत राई, बेनु गुरुङ, रमेश गुरुङ, सुमन खत्री, इशान ओली, प्रविन गुरुङ रहेका छन् । त्यसैगरी सल्लाहकारमा प्रकाश लिङ्देन, आशिष बन, मनोज बुढाथोकी, समिर राई, कैलास प्रसाई लगायत रहेका छन् ।

रामलाई भोटिङका लागि धरान, इटहरी, विराटनगर, दमक, बिर्तामोड, भद्रपुर, इलाम, पाँचथर, ताप्लेजुङ लगायतका स्थानमा प्रचार-प्रसार तीव्र पारिएको अभियान अभियान संयोजक आशिष बुढाथोकीले जानकारी दिए । उनलाई भोट गर्नका लागि म्यासेज बक्समा गएर ०८ टाइप गरी नेपालबाट ३७००० नम्बरमा एसएमएस पठाउनु पर्नेछ । त्यस्तै कतारबाट भोट गर्दा म्यासेज बक्समा ०८ टाइप गरी ९२३०० नम्बरमा एसएमएस पठाउनु पर्नेछ । त्यसैगरी इण्डियाबाट भोट गर्नलाई म्यासेजमा ०८ टाइप गरी ५३०१० मा एसएमएस पठाउनु पर्नेछ भने प्रभु पे एप्स डाउनलोड गरी अनलाइनबाट पनि बिश्वभरबाट भोट गर्न सकिने छ ।

त्यस्तै झापा गौरादहका गायक बलबहादुर राजवंशी लाइभ राउण्डमा प्रवेश गरेका छन् । कोच प्रमोद खरेलको समूहमा परेका उनी आफूले प्रतियोगिता जित्ने दाबी गर्छन् ।



विकास लिम्बू

गायक बलबहादुरलाई विजयी बनाउन कोचिला गाभुर फ्रन्टले भोटिङ अभियान सञ्चालन गरेको छ । कोचिला गाभुर फ्रन्टले झापाका १५ वटै स्थानीय तहसहित २२ वटा उपसमितिले आ-आफ्नो क्षेत्रबाट प्रचारप्रसार गर्दै भोटिङ गर्न अभियान सञ्चालन गरिएको कोचिला गाभुर फ्रन्टका केन्द्रीय अध्यक्ष अभय राजवंशीले जानकारी दिए ।

गायक बलबहादुरलाई विजयी बनाउन नेपालबाट म्यासेज बक्स गएर ०३ टाइप गरी ३७००० नम्बरमा एसएमएस पठाउनु पर्नेछ । त्यस्तै कतारबाट भोट गर्दा म्यासेज बक्समा ०३ टाईप गरि ९२३०० नम्बरमा एसएमएस पठाउनु पर्नेछ । त्यसैगरी इण्डियाबाट भोट गर्नलाई म्यासेजमा ०३ टाइप गरी ५३०१० मा एसएमएस पठाउनु पर्नेछ भने प्रभु पे एप्स डाउनलोड गरि अनलाइनबाट पनि बिश्वभरबाट भोट गर्न सकिने छ ।

त्यस्तै अर्जुनधाराका विकास लिम्बू टप १२ अर्थात् भोटिङमा पर्न सफल भएका छन् । कोच दीपले विकासलाई लाईभ अथवा भोटिङ राउण्डमा लाने निर्णय गरेपछि विकासले लाइभ राउण्डमा पनि आफ्नो दमदार प्रस्तुति दिइसकेका छन् । आफ्नो प्रस्तुतिले गर्दा उनी प्रतियोगिता जित्ने दाबी गर्छन् । अहिले उनी भोटिङ राउण्डमा पुगेपछि सम्पूर्ण दर्शकमाझ भोट गरिदिनको लागि उनले अपिल गरेका छन् । उनलाई भोट गर्नको लागि मोबाइलको मेसेज बक्समा गएर ०४ टाइप गरी नेपालबाट ३७००० नम्बरमा एसएमएस पठाउनु पर्नेछ ।

बिदेशबाट पनि एसएमएस मार्फत भोट गर्न सकिने छ । जस अन्तर्गत कतारबाट भोट गर्दा म्यासेज बक्समा ०४ टाइप गरि ९२३०० नम्बरमा एसएमएस पठाउनु पर्नेछ । त्यसैगरी इण्डियाबाट भोट गर्नलाई म्यासेजमा ०४ टाइप गरी ५३०१० मा एसएमएस पठाउनु पर्नेछ भने प्रभु पे एप्स डाउनलोड गरी अनलाइनबाट पनि बिश्वभरबाट भोट गर्न सकिने छ । कार्यक्रम हिमालयन टेलिभिजनबाट शुक्रबार र शनिबार प्रशारण हुँदै आइरहेको छ । गत शुक्रबारबाट शुरु भएको भोटिङ आगामी शुक्रबार बेलुकासम्म मात्र रहनेछ ।

**प्रस्तुतिः तुलसीप्रसाद निरौला**

# मेचीनगरमा अन्तर्राष्ट्रिय औद्योगिक मेला

**मेचीनगर, कात्तिक २७।** नेपाल सरकारद्वारा घोषणा गरेको नेपाल भ्रमण वर्ष २०२० लाई सफल पार्ने उद्देश्यले झापाको मेचीनगरमा नौ दिवसीय तेस्रो अन्तर्राष्ट्रिय औद्योगिक व्यापार तथा पर्यटन महोत्सव २०७६ को तयारी गरिएको छ ।

मेची उद्योग वाणिज्य संघको आयोजना तथा मेचीनगर नगरपालिकाको सह आयोजनामा आगामी पुस ९देखि १७ गतेसम्म महोत्सव सञ्चालन हुने पत्रकार सम्मेलनमा जानकारी गराइयो । महोत्सवको मुख्य विशेषता नेपाल लगायत छिमेकी राष्ट्रहरुको लगानीकर्ता, उत्पादक, वितरक, निर्यातकर्ताहरुलाई एउटै मञ्चमा भेटघाट, भेला गराई सामग्रीहरुको प्रत्यक्ष अवलोकन तथा जानकारी उपलब्ध गराउनु रहेको आयोजक संस्थाका अध्यक्ष ऋषिराज तिम्सिनाले बताए ।

तेस्रो अन्तर्राष्ट्रिय औद्योगिक, व्यापार, कृषि तथा पर्यटन महोत्सव-२०७६ मा नेपालका घरेलु, साना, मझौला तथा ठूला उद्योगहरुका अतिरिक्त विदेशका वस्तुहरु र पहाडी जिल्लाका कृषिजन्य र अन्य उत्पादनहरु समेत गरी करिब दुई सय स्टलहरु रहने छन् भने एक लाख दर्शकले अवलोकन गर्ने तथा पाँच करोडको कारोवार हुने आयोजकले लक्ष्य लिएको छ ।

महासचिव ध्रुव कनालले सञ्चालन गरेको कार्यक्रममा महोत्सव सम्पन्न करिब ६० लाख रुपैयाँ खर्च हुने र व्यवसायीलाई सःशुल्क व्यवस्थित र सुविधासम्पन्न स्टल उपलब्ध गराउने बताइएको छ । प्रदर्शनी तथा बिक्री कक्ष, सांस्कृतिक तथा सांगीतिक क्षेत्र, बालउद्यान तथा मनोरञ्जन क्षेत्र र खानपान क्षेत्र महोत्सवलाई मुख्यतः चार भागमा विभाजन गरिएको छ । मेलामा बंगलादेश, पाकिस्तान, भारत र भुटानका प्रदर्शकहरुको समेत सहभागिता रहने आयोजक संस्थाका वरिष्ठ उपाध्यक्ष मोहन निरौलाले जानकारी दिए । महोत्सव परिसरभित्र मिडिया सेन्टर, फ्रि वाइफाइ जोन, प्राथमिक उपचार, शौचालय, खानेपानी तथा महोत्सव बाहिर पार्किङ्गको उचित व्यवस्था गरिनेछ ।

महोत्सवमा सुरक्षाकालागि महोत्सव परिसरभित्र सीसी टिभिबाट चौबिसै घण्टा सुरक्षाको व्यवस्था गरिनेछ । मेची उद्योग वाणिज्य संघ मुख्य आयोजक रहेको यस अन्तर्राष्ट्रिय महोत्सवमा नेपाल उद्योग वाणिज्य महासंघ, प्रदेश उद्योग वाणिज्य महासंघ, मेचीनगर नगरपालिका, नेपाल पर्यटन बोर्ड, नेपाल भ्रमण वर्ष सचिवालय, झापा जिल्लास्थित स्थानीय तह समेतसँग समन्वय गरी सबैको साथ तथा सहयोग लिई यो महोत्सवलाई सफल गरिने संघका कार्यकारी अधिकृत गोपाल बस्नेतले बताए । उनका अनुसार विभिन्न १३ वटा उपसमिति निर्माण गरिएको छ ।

# भानुमा बालअधिकार चेतना समूह



**अर्जुनधारा, कात्तिक २७।** बालबालिकाहरुको क्षमता विकास गर्दै बालअधिकारको संरक्षण तथा प्रवर्द्धन गर्ने उद्देश्यले अर्जुनधारा-५ स्थित भानु माध्यमिक विद्यालयमा बालअधिकार चेतना समूह गठन गरिएको छ ।

अनौपचारिक क्षेत्र सेवाकेन्द्र (इन्सेक) को स्थानीय समुदायलाई सचेत पार्दै जिम्मेवार निकायलाई जवाफदेही बनाउने (इएलपी) कार्यक्रम अन्तर्गत मोनिका थापाको अध्यक्षतामा १३ सदस्यीय समूह गठन गरिएको हो । नवगठित समितिको उपाध्यक्षमा स्वस्तिका खड्का, सचिव असिम विश्वकर्मा, सहसचिव भिषण राई, कोषाध्यक्ष सविना बुढाथोकी चयन भएका छन् ।

त्यसैगरी सदस्यहरुमा शिक्षा बुढाथोकी, रिया विश्वकर्मा, अस्मिता दनुवार, प्रविन चौधरी, अमन गुप्ता, विशाल बस्नेत, मनिष ठटाल, आयुषा थापा रहेका छन् भने नवगठित समूहको संरक्षकमा शिक्षक तेजस्वी पौडेल रहेका छन् ।

इन्सेक जिल्ला प्रतिनिधि नरेश खातीको अध्यक्षता तथा अर्जुनधारा नगरपालिका वडा नं. ५ का वडाध्यक्ष ध्यानबहादुर भारतीको प्रमुख आतिथ्यमा कार्यक्रम भएको थियो । कार्यक्रमको उद्घाटन समयमा प्रमुख अतिथि भारतीले पढ्न, लेख्न, खेल्न पाउनु प्रत्येक बालबालिकाको अधिकार भएको हुँदा त्यसको संरक्षण, सम्वर्द्धन गर्नु आफ्नो कर्तव्य भएको बताए ।

कार्यक्रममा विद्यालयका प्रधानाध्यापक रुपक दाहाल, पूर्व वडाध्यक्ष डेगनाथ खतिवडा, शिक्षक देवीप्रसाद गौतम लगायतले शुभकामना मन्तव्य राखेका थिए । कार्यक्रममा शिक्षकहरु भोजराज फुयाँल, तेजस्वी पौडेल लगायतको आतिथ्य रहेको थियो । मानव अधिकार समूह अर्जुनधाराकी सहसचिव सुभद्रा गेलालले स्वागत गरेको कार्यक्रमको सञ्चालन सहजकर्ता राजन राईले गरेका थिए ।

# ज्येष्ठ नागरिक संघको भवन उद्घाटन

**दुर्गापुर, कात्तिक २७।** कनकाई नगरपालिका-७ कालिमुढास्थित ज्येष्ठ नागरिक संघको भवन उद्घाटन गरिएको छ ।

कनकाई नगरपालिकाका प्रमुख राजेन्द कुमार पोखरेलले भवनको उद्घाटन गरेका हुन् । संस्थाका अध्यक्ष धनराज खड्काको अध्यक्षतामा भएको कार्यक्रममा सीता रिजाल ओलीले स्वागत गरेकी थिइन् ।

कार्यक्रममा भवन निर्माणको लागि जग्गा प्रदान गर्ने जग्गादाता खड्गबहादुर भुजेल र चन्दा सहयोग गर्ने चिरञ्जीवी उप्रेती, लीलाबहादुर भुजेल, मुसे हेमरम, हरि शिवाकोटी, भवानी शिवाकोटी र यज्ञप्रसाद न्यौपानेलाई प्रशंसा पत्र, दोसल्लासहित सम्मान गरिएको थियो । सोही कार्यक्रममा कनकाई-७ का वडाअध्यक्ष लीलाबहादुर कन्दङवा, सूर्यनारायण गणेश, धनपति मैनाली, प्रकाश शिवाकोटीले शुभकामना मन्तव्य राखेका थिए । कार्यक्रमको सञ्चालन शम्भुप्रसाद पोखरेलले गरेको अमृत योङहाङले बताए ।




मंसिर महिनालाई विवाहको खास महिना मानिन्छ । अविवाहित केही नेपाली सेलिब्रेटीहरू यस वर्षको मंसिरमा घरजम बसाउने तयारीमा छन् । सबै सोचे अनुसार भए अभिनेत्री आँचल शर्मा पनि यो मंसिर कटाउने सुरमा छैनन् । गएको एक वर्षदेखि डा. उदिप श्रेष्ठको प्रेममा छिन् उनी । केही दिन अगाडि मात्र दुईको पहिलो पटक भेट भएको एक वर्ष पुगेको थियो ।

एक वर्षसम्म जसोतसो प्रेम सम्बन्ध लुकाएर राखेकी अभिनेत्री आँचल आजभोलि भने खुल्न थालेकी छन् । उनले डाक्टर प्रेमीको तारिफ गरेर नथाकेका अन्तरवार्ताहरू अहिले युट्युबमा छ्यापछ्याप्ती भेटिन्छन् । जहाँ उनले प्रेमीसँगको पहिलो भेटदेखि प्रेमीको आनीबानीसम्म सबै खुलाएकी छन् । साथै, उनले विवाहबारे पनि जानकारी दिएकी छन् । उनका अनुसार, यसै वर्ष विवाहको तयारी भइरहेको छ । उनले एक अन्तरवार्तामा भनेकी छिन्- 'अहिले नै विवाहको मिति तय भइसकेको छैन । तर, यो वर्ष कट्ने सम्भावना कम छ ।'

गोप्य स्रोतले दिएको जानकारी अनुसार, डा. उदिप आउँदो मंसिर अन्तिमसम्म आँचललाई आफ्नो घर भित्र्याउने तयारीमा छन् । अहिले आँचल कुनै फिल्ममा व्यस्त नभएका कारण पनि बिहेका लागि मंसिर महिना रोजिएको स्रोत बताउँछ । तर, अहिलेसम्म विवाहको मिति टुंगो लागेको छैन ।

फेसबुकको माध्यमबाट प्रेमी उदिपसँग जोडिएकी आँचलको नाम यसअघि अभिनेता पल शाहसँग जोडिएको थियो । 'नाईं नभन्नू ल ४' बाट एकसाथ फिल्ममा डेब्यू गरेका दुईले 'जोनी जेन्टलम्यान' र 'शत्रु गते' मा पनि काम गरेका थिए । उनीहरूले साथमा सय बढी भिडियोमा अभिनय गरेका छन् । यसकारण पनि पलसँग आँचलको नाम जोडिएको थियो । तर, कहिल्यै दुईले प्रेम सम्बन्ध स्वीकार गरेनन् ।

आँचलले उदिपसँगको प्रेम सम्बन्ध सार्वजनिक गरेपछि उनलाई पलका फ्यानले सामाजिक सञ्जालमा गाली गलोज गरेका थिए । पललाई धोका दिएको भन्दै उनका फ्यान आँचल माथि खनिएका थिए । तर, पलले फेसबुक मार्फत् आँचल आफ्नो साथी मात्र रहेको र गालीगलोज नगर्न आफ्ना फ्यानलाई आग्रह गरे । आँचलले पललाई आफ्नो विवाहको निमन्त्रणा कार्ड पठाउने बाचा गरेकी छिन् ।


## कतारमा बेदेशिक रोजगारको अवसर

**Group Security System Certis Cisco International**

पुनः विज्ञापन स्वीकृती मितिः २०७६/७/२२ | चलानी नं. १२७ | LT No.: 218018

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | न्युनतम योग्यता | मासिक तलब QR. | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Security Guards | 60 | काममा दक्ष | 1500 | ४७,१९३।- | कम्पनीको नियम अनुसार | ८ घण्टा | ६ दिन | कम्पनीको नियम अनुसार | छ | छ | २ वर्ष |

फाईनल अन्तरवार्ता कम्पनीको प्रतिनिधिबाट २०७६ मंसिर १ गते (17 Nov.) सेन्टर प्वाइन्ट होटल बिर्तामोड, झापामा मंसिर २ र ३ गते (18 & 19 Nov.) लण्डन होटल इटहरी सुनसरीमा हुनेछ ।

**ग्लोबल रिलायन्स ओभरसिज सर्भिसेज प्रा. लि.**

सामाखुसी-२९, टाउन प्लानिङ्ग (लिंकन कलेज नजिकै), काठमाडौं, फोन : ०१-४३६०५२३, ४३५७७३१

झापा सम्पर्कः- ९८०११८२१६१, ९८१५००५९३०, इटहरी सम्पर्कः ९८०५३३०९०१